# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २९४ काठमाडौं बिहीबार, १० फागुन २०८० Prabhab National Daily Thursday, February 22, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


सीतापाइला हत्या घटना

## अपराधको कारण विवाहेत्तर सम्बन्ध

- श्रीमती, छोरी र नातिनीको हत्या गरी आत्महत्या
- भिडियो सन्देशअनुसार उक्त घटनाको कारण विवाहेत्तर सम्बन्ध
- काठमाडौंका एक पुरूष र चितवनका एक युवकसँग श्रीमती ईश्वरीको सम्बन्ध रहेको हत्या आरोपी काजीको दाबी



■ जेबी योञ्जन

**काठमाडौं–** सीतापाइलाको भैरवटोलमा बुधबार एकै परिवारका तीन जनाको हत्यापछि आत्महत्या भएको घटनाको कारण विवाहेत्तर सम्बन्ध रहेको प्रहरीले प्रारम्भिक निष्कर्ष निकालेको छ। घटनामा संलग्न भनिएका राजु घिमिरे भन्ने काजी विश्वकर्माले छोरा अनिशको मोबाइलमा खिचाएको भिडियो सन्देशका आधारमा प्रहरीले घटना हुनुमा विवाहेत्तर सम्बन्ध कारक रहेको निष्कर्ष निकालेको हो ।

५१ वर्षीय काजीले श्रीमती ईश्वरी श्रेष्ठ, आठ वर्षीया छोरी अनिशा र साढे दुई वर्षकी नातिनी शिवानी श्रेष्ठको हत्या गरेका थिए । उनले १४ वर्षीय छोरा अनिशलाई खिच्न लगाएको भिडियोमा उनले श्रीमती ईश्वरीको अरू पुरुषसँग सम्बन्धमा रहेको भन्दै हत्या गरेको बताएका छन् । उनले भिडियोमा बुहारी जेनी श्रेष्ठसँग गुनासो गर्दै आउँदा दिनमा छोरासँग मिलेर बस्न र आफ्नो छोरा अनिशलाई हेला नगर्न भनेका छन् ।

बुहारी जेनीलाई सासुआमा ईश्वरी पहिल्यैदेखि परपुरुष सम्बन्धमा रहेको थाहा भए पनि आफूलाई नभनेका कारण घटना हुन पुगेको काजीको भनाइ छ ।

काठमाडौं प्रहरी परिसरका एसएसपी भूपेन्द्र खड्काका अनुसार काजीले भिडियोमा भनेका छन्, 'मैले हिजो बेलुका भनेको काम गरिसकेको छु । मैले भनेको सबै कुरा भइसक्यो । मैले गरिसकेँ । यो भिडियो सुनेर रमेशलाई र चितवनको केटालाई छाड्ने होइन । रमेशबारे पनि सबै कुरा तँलाई थाहा रहेछ । तैँले सबै कुरा किन गुपचुपमा राखिस् । पहिल्यै सबै कुरा मलाई भनेको भए आज यो घटना नै हुने थिएन । तैँले मलाई पहिले नै केही कुरा भनिनस्, त्यही भएर मैले यस्तो निर्णय गरेँ ।'

उनले पटक-पटक श्रीमतीको व्यवहार सुध्रिन्छ कि भनेर पर्खेको पनि भिडियो सन्देशमा भनेका छन् । तर, नसुध्रिएपछि घटना घटाउन पुगेको बताएका छन् । 'मैले बाँचेर गरी खाने ठाउँ भएन । आज पो राम्रो होला कि, भोलि पो राम्रो होला कि भनेर हेरेँ । कहिल्यै पनि राम्रो भएन । सुध्रिएनन् पनि । त्यही भएर मैले यस्तो निर्णय गरेको छु । तिमीहरू मिलेर गरिखान् । मिलेर बस्नू । ममीजस्तो भएर नहिँड्नु । त्यही हो मेरो भनाइ । माफ गरिदे मलाई,' काजीले भिडियोमा भनेका छन् ।

कोठाको चाबी र कागजपत्र अनिशलाई जिम्मा दिएको पनि काजीले मर्नुभन्दा पहिले खिचाएको भिडियोमा उल्लेख छ । काजीले श्रीमती ईश्वरीसँगै आठ वर्षकी छोरी अनिसा र दुई वर्षकी नातिनी शिवानीको हत्या गरेपछि आफन्तलाई टेलिफोन गरेर आफूले तीन जनाको हत्या गरेको बताएका थिए । घटनापछि आफू पनि मर्न जान लागेको बताएका थिए ।

(क्रमशः पृष्ठ २ मा)

# महासमितिमा देउवाको 'दादागिरी'

- बुधबार करिब ४०० जना महासमिति सदस्यले धारणा राखेका छन् । आज १२ बजेसम्म थप ३०० जनाले प्रस्तावमाथि धारणा राखेमा करिब ३० प्रतिशत महासमिति सदस्यले मात्र आफ्नो मत राख्ने ।
- कांग्रेसमा केन्द्रीय समिति अहिले ८५ प्रतिशतभन्दा बढी देउवा समूहमा छन् । कार्यक्रम सञ्चालनको सम्पूर्ण जिम्मेवारी देउवा टिमका सदस्यहरूले पाएका छन् ।
- बुधबार बिहानै टिपाएको नाम साँझ ६ बज्दा पनि नआएको भन्दै एक महासमिति सदस्यले मञ्चतिर झोला हुऱ्याए ।





ललितपुरकोको गोदावरीमा जारी कांग्रेस महासमिति बैठकमा विरोध जनाउँदै असन्तुष्ट पक्ष (बाँया) र पार्टी सभापति शेरबहादुर देउवा । *तस्बिरः प्रभाव*

■ प्रभाव संवाददाता

**ललितपुर-** गोदावरीमा जारी नेपाली कांग्रेसको महासमिति बैठकमा पार्टी सभापति शेरबहादुर देउवा गुट हाबी हुँदा अधिकांश प्रतिनिधिले बोल्न नपाउने भएका छन् । फागुन ७ गतेबाट सुरू भएको महासमितिमा ६० प्रतिशत महासमिति सदस्यहरूले बोल्ने अनुमान गरिएकोमा ३० प्रतिशतले पनि धारणा राख्न नपाउने देखिएको छ ।

बुधबारबाट महासमितिमा प्रस्तुत नीति प्रस्ताव, सांगठनिक प्रस्ताव र समसामयिक राजनीति प्रस्तावमाथि महासमिति सदस्यहरूले धारणा राख्न सुरू गरेका हुन् । बुधबार साँझ ६ बजेको पत्रकार सम्मेलनमा कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले ३८५ जनाले मात्र धारणा राखेको बताए । बैठकमा केन्द्रीय समितिका १६५ सहित दुई हजार ३०० भन्दा बढी महासमिति सदस्य छन् । बैठकमा सुरूमा पाँच मिनेट बोल्न पाउने समय छुटाए पनि दिउँसो ३ बजेपछि तीन मिनेटमा सीमित पारियो । लोकतान्त्रिक पार्टीमा बोल्ने समय नै नदिएको भन्दै महासमिति सदस्यहरूले विरोधसमेत जनाए । आज १२ बजेसम्म थप ३०० जनाले प्रस्तावमाथि धारणा राखेमा करिब ३० प्रतिशत महासमिति सदस्यले मात्र आफ्नो मत राख्न पाउने छन् ।

कांग्रेसमा केन्द्रीय समिति अहिले ८५ प्रतिशतभन्दा बढी देउवा समूहमा छन् । कार्यक्रम सञ्चालनको सम्पूर्ण जिम्मेवारी देउवा टिमका सदस्यहरूले पाएका छन् । महासमितिमा महामन्त्री गगन थापा मात्र एक्ला प्रतिपक्षी देखिएका छन् । गठबन्धनबारे कडा प्रस्ताव ल्याएपछि डा. शेखर कोइरालालाई समेत देउवाले यस विषयमा मौन बस्न आग्रह गरेका छन् । जसकारण महासमितिमा देउवा समूहको मनपरी चलेको सदस्यहरूले गुनासो गरेका छन् । महासमितिमा यसपटक एमाले अध्यक्ष केपी शर्मा ओलीकै शैलीमा देउवाको डमीसमेत राखिएको थियो । कांग्रेसले पनि नेताको देवत्वकरण गरेको भन्दै कतिपय नेताहरूले डमी राखिएकोमा विरोध जनाएका थिए ।

### कांग्रेस महासमिति बैठक

प्रचार विभाग प्रमुख विश्वकर्माले भने कार्यतालिकाअनुसार बैठक नचल्दा धेरै महासमिति सदस्यहरूले बोल्न नपाउने देखिएको बताए । बैठक कार्यतालिकाअनुसार नचल्नुमा महामन्त्री थापा पनि दोषी रहेको उनको दाबी रह्यो । 'पहिलो दिन फागुन ७ गते उद्घाटन र प्रस्ताव पेस गर्ने तालिका थियो । महामन्त्रीको प्रस्तावमा सहमति जुटाउनका लागि उक्त दिन उद्घाटनमै सीमित भयो । दोस्रो दिन फागुन ८ गते दिनभर प्रस्तावमै समय गयो,' उनले भने, 'त्यसपछि त महासमिति सदस्यहरूको बोल्ने समय घटिहाल्यो नि ।' (क्रमशः पृष्ठ २ मा)

### जिल्ला सभापतिहरूले के भने ?

चितवनका सभापति राजेश्वर खनालले राजनीतिलाई विकाससँग जोड्नुपर्ने बताए । स्याङजाका सभापति राजु थापाले जनताको म्यान्डेट अनुसार गठबन्धन गरिएको उल्लेख गर्दै चार वर्षपछि गठबन्धन गर्ने कि नगर्ने भन्ने विषय अहिले नै निर्णय गर्नुपर्छ भन्नु उपयुक्त नहुने बताए ।

धनकुटा जिल्ला सभापति दिनेश राईले कोशीमा विकासका मुद्दालाई अघि बढाउन नसकेको आरोप लगाए । मोरङ जिल्ला सभापति डिगबहादुर लिम्बूले महासमिति बैठकको निर्णय केन्द्रीय समितिले उल्टाउन नपाउने बताए । सुनसरीका जिल्ला सभापति केदार भण्डारीले आफ्नो मान्छे परे गठबन्धन ठीक नपरे बेठीक भन्ने परिपाटी अन्त्य गरिनुपर्ने बताए । झापाका सभापति देउमान थेबेले गठबन्धनको कुरा छुन नहुने बताए ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# श्रम सम्झौताका लागि साउदीसँग ताकेता

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारले लामो समयदेखि श्रम सम्झौताका लागि प्रयास गरिरहेको साउदी अरेबियासँग फेरि ताकेका गरेको छ । पछिल्लो समय अबुधाबी डाइलगमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसहितको प्रतिनिधिमण्डलले साउदीसँग साइडलाइन वार्ता गरेर स्वदेश फर्किएपछि श्रम सम्झौताको विषयलाई छिटो टुंग्याउन आग्रह गर्दै मन्त्रालयले ताकेता गरेको हो ।

मन्त्रालयले अबुधाबी डाइलग हुनुभन्दा एक महिनाअघि नै साउदी अरेबियालाई श्रम सम्झौताको मस्यौदा (ड्राफ्ट) पठाइएको र जवाफ कुरिरहेको जनाएको छ । यद्यपि अबुधाबी डाइलगमा भएको साइडलाइन वार्तामा साउदीले सकारात्मक प्रतिक्रिया दिएका कारण नेपाललाई ताकेता गर्न सजिलो भएको बताइएको छ ।

श्रम सम्झौताका लागि आवश्यक अध्ययन गर्न मस्यौदा पठाइएपछि पछिल्लो समय छिटो-छिटो भेटघाट तथा संवाद हुन पाएकाले चासो राखिएको र जवाफका लागि पत्राचार भएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता राजिव पोखरेलले बताए ।

नेपालको तर्फबाट पहिलोपटक २०६५ सालमा तत्कालीन श्रममन्त्री लेखराज भट्ट साउदीमै पुगेर श्रम सम्झौताका लागि प्रस्ताव राखेका थिए । नेपालको प्रस्तावमा साउदीले सहमति जनाए पनि त्यसयता १५ वर्ष बित्दासम्म कुनै उपलब्धि हासिल हुन सकेको छैन । तर अहिले सम्झौताको अन्तिम प्रयास भइरहेको र नेपालले पठाएको मस्यौदामा छलफल भइरहेको प्रवक्ता पोखरेलले बताए ।

'अबुधाबीमा साउदी अरेबियासँगको साइडलाइन वार्तामा प्रस्तावित श्रम सम्झौताअनुसार स्वच्छ भर्ना प्रणाली अवलम्बन गर्दै कामदारको सामाजिक सुरक्षा, कार्य घण्टा, बिमा, पेसागत स्वास्थ्य सुरक्षालगायतका विषयमा ध्यान दिन आग्रह गरेका छौं,' उनले भने, 'कफाला प्रणालीले नेपाली कामदारलाई पारेको समस्या हल गर्न र सप्लाई कम्पनीमार्फत माग भई आएकालाई रोजगारी नदिने समस्या निरुत्साहित गर्न पनि हामीले जोड दिएका छौं ।' श्रम सम्झौताका लागि नेपालको पक्षबाट ताकेता भइरहेको बताउँदै प्रवक्ता पोखरेलले साउदीको जवाफ कुर्नुको विकल्प नभएको बताए ।

यता साउदीले श्रम सम्झौताका लागि सहमति जनाए पनि विभिन्न प्रक्रिया र सर्तहरू राख्दै टार्दै आएको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'साउदीसँग श्रम सम्झौता हुन नसक्नुमा नेपालको कूटनीतिक प्रयास कमजोर भएर पनि हो,' उनले भने, 'प्रमुख गन्तव्यमध्येको एक मुलुकसँग सम्झौता गर्न नसक्नुले सरकारको क्षमतामाथि पनि प्रश्न उठ्छ, सम्बन्धित मुलुकले राखेका सर्तहरूको पनि सम्बोधन गर्न सक्नुपर्छ ।'

पछिल्लो समय नेपाल सरकारको प्रयासले केही परिणाम आउनसक्ने देखएको र यसका लागि अझै पहल गर्नुपर्ने भण्डारीले बताए ।

## कोरिया र हंगेरी पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पठाइदिने बहानामा रकम संकलन गरी ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । त्यसरी पक्राउ पर्नेमा गोरखाको गोरखा नगरपालिका-१४ घर भई काठमाडौं सामाखुसी बस्ने बाबुराम थापा र रौतहटको माधवनारायण नगरपालिका-३ घर भई हाल काठमाडौं काठमाडौं कुलेश्वर बस्ने चन्दनकुमार श्रेष्ठ रहेका छन् ।

पक्राउ परेका ३५ वर्षीय थापाले अमिर तामाङसमेत तीन जनालाई वैदेशिक रोजगारीका लागि कोरिया पठाइदिन्छु भन्दै ठगी गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । उल्लिखित मुलुकमा पुगेपछि एक प्रतिष्ठित कृषि कम्पनीमा काम दिलाई मासिक दुई लाख ५० हजार रूपैयाँ तलब प्राप्त हुने प्रलोभन देखाई नौ लाख रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । पीडितलाई कोरिया पठाइदिने विश्वास दिलाइ पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा खोजतलास गर्दा थापालाई सामाखुसीबाटै पक्राउ गरिएको प्रहरीले बताएको छ ।

यसैगरी अर्का २७ वर्षीया श्रेष्ठले अभिषेक रावललाई मासिक एक लाख २० हजार रूपैयाँ तलब हुनेगरी हंगेरीको एक प्रतिष्ठित कम्पनीमा प्याकिङको काम लगाइदिने भन्दै ठगी गरेको बताइएको छ । उनले पीडितबाट पटक-पटक गरी दुई लाख ७४ हजार रूपैयाँ लिएर सम्पर्कविहीन भई ठगी गरेको प्रहरीले उल्लेख गरेको छ । फरार अवस्थामा रहेका श्रेष्ठलाई कुलेश्वरबाटै पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




# ललिता निवासको खाली गर्न कामपाको आग्रह

**काठमाडौं (प्रस)-** काठमाडौं महानगरपालिकाले वडा नं ४ बालुवाटारस्थित ललिता निवास क्षेत्रको जफत (सरकारी) भएको सम्पत्ति संरक्षण गर्ने भन्दै उक्त क्षेत्र एक साताभित्र खाली गर्न आग्रह गरेको छ ।

विशेष अदालतको फैसलासँगै उक्त जग्गा सरकारी भएकाले सात दिनभित्र ललिता निवास क्षेत्रमा रहेका व्यक्ति, कम्पनी तथा संघसंस्थाहरूलाई उक्त क्षेत्रबाट हट्न महानगरले आग्रह गरेको हो । सरकारी सम्पत्तिको संरक्षण तथा उचित प्रवन्ध गर्ने कार्यमा महानगरपालिकालाई सहयोग गर्न आग्रहसमेत गरिएको महानगरपालिकाका सहायक प्रवक्ता दीपक अधिकारीले जानकारी दिए ।

उनका अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद् १३ स्थानीय तहको सम्पत्तिको संरक्षणसम्बन्धी व्यवस्थाअन्तर्गत दफा ९७ (१) ले काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मतसम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने कानुनी दायित्व महानगरपालिकालाई तोकेकाले ललिता निवास खाली गराउन आग्रह गरिएको हो ।

यसैगरी, महानगरपालिकाले एक सार्वजनिक सूचना प्रकाशित गरी तोकेको समयभित्र सो क्षेत्रबाट नहटेमा प्रचलित कानुनबमोजिम हटाई सरकारी जग्गा तथा सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गरिने जनाएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### अपराधको कारण...

नभन्दै उनी घर नजिकैको जंगलमा मृत फेला परे । घटनाको अनुसन्धान गरिरहेको प्रहरी अधिकारीहरूका अनुसार उनी र ईश्वरी श्रेष्ठबीच १८ वर्षअघि प्रेम विवाह भएको थियो । ईश्वरीले भने काजीसँग विवाह गर्नु पहिले पहिलेका श्रीमान्सँग सम्बन्धविच्छेद गरेकी थिइन् । उनले काजीसँग विवाह गर्दा पहिलो श्रीमान्तर्फका छोरालाई पनि लिएर आएका थिए । उनी अहिले विदेशमा छन् । बुहारी जेनी परिवारसँगै बस्दै आएकी थिइन् ।

काजीले हत्या गरेकी नातिनी सिवानी विदेशमा रहेका छोरो र बुहारी जेनीकी छोरी हुन् । ईश्वरी र काजीको सम्बन्धबाट भने एक छोरा (अनिश) र एक छोरी (अनिशा) थिए । अनिशाको आमासँगै हत्या भयो । अनिशलाई भने अरूको हत्या गर्ने बेलामा काजीले नै पसलमा पठाएको खुलेको छ ।

हत्यापछि बाबुको भिडियो सन्देश खिचेको भेटिएपछि उनलाई नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको काठमाडौं प्रहरी प्रमुख एसएसपी खत्रीले बताए । उनीहरूबीच एकअर्काको सम्बन्धलाई लिएर पटक-पटक झगडा भएको पनि खुलेको छ । काजीले ईश्वरीको अरू पुरुषसँग सम्बन्ध रहेको भन्दै शंका गर्थे । जसले गर्दा घरिघरी झगडा हुने गरेको विवरण सार्वजनिक भएको छ । सोही क्रममा ईश्वरीले विष खाएको र अन्ततः अस्पतालमा उपचार गराएर निको पारेको आफन्तले बताएका छन् ।

आफ्नी श्रीमती ईश्वरीको काठमाडौंकै एक पुरुषसँग सम्बन्ध रहेको र ती पुरुषलाई ईश्वरीले बलात्कार मुद्दासमेत दायर गरेकी थिइन् । तर, ती पुरुष अदालतको आदेशअनुसार पाँच लाख धरौटीमा छुटेका छन् । यद्यपि, ईश्वरी भने परपुरुषसँगको सम्बन्धमा नरहेको बताउँथिन् । एक दिन भने काजीले परपुरुषसँगै श्रीमती ईश्वरीलाई फेला पारेको आफन्तलाई भनेका थिए । अन्ततः ती पुरुष र ईश्वरीको मेसेञ्जरमा तस्बिर पनि फेला परेको र त्यसपछि काजी र ईश्वरीको झगडाले उग्र रूप लिएको थियो । अन्ततः ती पुरुष अदालतबाट छुटेको एक सातामै बुधबार हत्या घटना भएको हो । प्रहरीले फेला पारेको भिडियो अनुसार काजीले चितवनका अर्का पुरुषसँग पनि ईश्वरीको सम्बन्ध रहेको भन्दै शंका गर्थे । काजीको घर सोलुखुम्बुको सोलदुधकुण्डमा पर्छ । हाल डेरा रहेको ठाउँमा उनीहरू एक वर्षदेखि बस्दै आएका थिए ।

■■■

### महासमितिमा देउवाको...

महामन्त्री थापाको प्रस्तावमा निर्वाचनपूर्व गठबन्धन नगर्ने विषय रहेपछि देउवाले यसमा असहमति जनाएका थिए । गगनले देउवाको दबाब नमानेपछि महासमितिको उद्घाटनलगत्तै पदाधिकारी बैठक बसेको थियो । जसकारण उद्घाटनको दिन प्रस्तावहरू पेस हुन पाएन ।

#### बोल्न नपाएको भन्दै हुर्‍याए झोला

समयमा बोल्न नपाएको भन्दै कोशी र सुदूरपश्चिम प्रदेशका सदस्यहरू आक्रोशित भएका छन् । बैठकमा प्रस्तुत प्रतिवेदनमाथि सदस्यहरूलाई कम समय दिएपछि उनीहरूले बैठक स्थलमा होहल्ला गर्नुको साथै बैठक केही समय अवरुद्ध पारे ।

बिहानै टिपाएको नाम साँझ ६ बज्दा पनि नआएको भन्दै एक महासमिति सदस्यले मञ्चतिर झोला हुर्‍याएका थिए । उनको समर्थनमा अरूले पनि ताली ठोकेपछि बैठक केहीबेर अवरुद्ध बनेको थियो । उक्त हलको संयोजन सुदूरपश्चिमका सभापति वीरबहादुर बलाएर थिए । होहल्ला भएपछि गुनासो सुन्न केन्द्रीय प्रतिनिधि बनेर बसेका सहमहामन्त्री बद्री पाण्डेले गल्तीका लागि माफी मागेका थिए ।

#### आजै सकिंदै बैठक

ललितपुरको गोदावरीस्थित सन्राइज सम्मेलन केन्द्रमा महासमिति बैठकको समापन आज हुने तयारी छ । उपसभापति पूर्णबहादुर खड्काको नीति प्रस्ताव, महामन्त्री थापाको सांगठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माको समसामयिक राजनीतिक प्रस्तावमाथिको समूहगत छलफल बिहान १२ बजेसम्ममा सकाउने कार्यतालिको रहेको प्रचार विभाग प्रमुख विश्वकर्माले जानकारी बताए ।

'समूहगत छलफलमा उठेका कुरा सातवटै प्रदेशका सभापतिले सबै प्रतिनिधिसमक्ष पेस गर्ने कार्यक्रम छ । त्यसपश्चात् ती सबै प्रस्तावहरूमा संयुक्तरूपमा छलफल गरी हलले पारित गर्ने छ,' विश्वकर्माले भने । बिहीबार दिउँसो २:३० बजेदेखि समापन समारोह गरिने आयोजना हुने उनले बताए ।

#### पार्टीमा समस्याका चाङ

महासमिति बैठकमा सहभागी सदस्यले कांग्रेसले संविधानको कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्नुपर्ने, पार्टीको विधान पालना गर्नुपर्ने, प्रदेश संरचनालाई बलियो बनाउन अधिकार दिनुपर्ने, गणतन्त्रमाथि देखिएका खतरालाई रोक्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने, पार्टी संगठनलाई सक्रिय बनाउनुपर्ने, भ्रातृ तथा शुभेच्छुक संस्थालाई पूर्णता माग गरेका छन् । कांग्रेसले अहिलेसम्म कोषाध्यक्ष चयन गर्न सकेको छैन ।

महासमिति सदस्यहरूले सामाजिक न्यायका लागि नेपाली कांग्रेसलाई सामाजिक आन्दोलनसँग जोड्ने, आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने, पर्यावरण संरक्षण गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने, पूर्वाधार विकासलाई तीव्रता दिनुपर्ने, अन्तर्राष्ट्रिय सम्बन्धलाई सन्तुलित बनाउँदै नेपालको हितमा काम गर्नुपर्ने, वैदेशिक लगानीको वातावरण सिर्जना गर्दै आर्थिक सुधार गर्नुपर्ने, ऊर्जा र जलस्रोतको सदुपयोग गर्न विदेशी लगानी भित्र्याउन पहल गर्ने, युवा पलायनलाई रोक्न रोजगारीका अवसर बढाउनुपर्ने, उद्योग तथा कलकारखाना स्थापना गर्नुपर्ने सरकार र पार्टीबीचको समन्वय बढाउनुपर्ने, शिक्षा र स्वास्थ्यमा भइरहेको व्यापारलाई रोक्न पहल गर्नुपर्ने, खेलकुदको पूर्वाधार विकास गरी खेल पर्यटनलाई प्रवर्द्धन गर्नुपर्ने, जलवायु परिवर्तनको संकटविरुद्ध प्रभावकारी कदम चाल्नुपर्ने, कुनै पनि नेपालीलाई गैरनागरिक हुन नदिने प्रावधान हुनुपर्ने, क्रियाशील सदस्यतालाई थप खुकुलो र पारदर्शी बनाउनुपर्ने, सञ्चार क्षेत्रलाई स्वतन्त्र, सशक्त र प्रभावकारी बनाउन सञ्चार नीति संशोधन गर्नुपर्नेलगायतका विषयमा जोड दिएका थिए ।

■■■

### जिल्ला सभापतिहरूले...

कैलाली सभापति नारायणदत्त भट्टले प्रदेश समितिलाई कसरी सक्रिय बनाउने र उनीहरूलाई कसरी गाउँ-गाउँ पुर्‍याउने त्यसतर्फ पार्टी ध्यान दिनुपर्ने बताए । त्यसैगरी रौतहटका सभापति सुनीलकुमार यादवले गठबन्धन राणनीतिक कुरा भएको बताए । सर्लाहीका सभापति सुरेन्द्र सिंहले गठबन्धनको बारेमा नीतिगत निर्णय गर्न आवश्यक नभएको बताए ।

पर्सा सभापति जनादर्शसिंह क्षेत्रीले गठबन्धनबारे अहिले नै बोल्न आवश्यक नभएको बताए । २०७४ मा गठबन्धन नगर्दा पार्टीको कुन हालत थियो भन्ने कुरा बुझ्न आवश्यक रहेको उनको भनाइ थियो ।

महोत्तरीका सभापति नागेश्वर यादवले कांग्रेसलाई कसरी सुधारेर लैजाने भन्ने कुराहरू प्रतिवेदनमा अपुग भएको बताए । उनले गठबन्धनको कुरा बेमौसमी भएको र युवालाई कसरी कांग्रेसलाई समेट्न सकिन्छ यतातिर ध्यान दिन नसकिएको बताए ।

धनुषाका सभापति योगेन्द्र पञ्जियारले लेभीको कुरा विधानबमोजिम सम्बोधन हुनुपर्ने र क्रियाशील वितरणमा नयाँ मान्छेलाई कुनै अवसर दिइनुपर्ने बताए । हुम्लाका सभापति मोहनविक्रम सिंहले केन्द्रीय सभापति र पदाधिकारी जिल्लाबाट चुनिएर आउनुपर्ने धारणा व्यक्त गरे । सिरहाका सभापति रामचन्द्र यादवले सरकारमा जान गठबन्धन अनिवार्य भए पनि चुनावअघि गरिने गठबन्धन आवश्यक नभएको बताए । रुकुम पश्चिमका सभापति प्रेमप्रकाश ओलीले जाजरकोट र रुकुम पश्चिमको भूकम्पले पुर्‍याएको क्षतिको विषयलाई प्रतिवेदनमा नसमेटिएको गुनासो गरे ।

ललितपुर सभापति जितेन्द्र श्रेष्ठले अहिलेको गठबन्धन नभएको भए नेपाली कांग्रेसमा निराशा थप बढ्ने र कमजोर हुने स्थिति सिर्जना हुने बताए । गोरखा सभापति नन्दु न्यौपानेले नेपाली कांग्रेस पार्टी आज आफ्नै खुट्टामा उभिन नसकेको बताए ।

मकवानपुरका सभापति बुद्ध लामाले नेपाली कांग्रेसलाई विकास निर्माणसँग जोड्ने र भ्रष्टाचार अन्त्यका लागि नेतृत्व गर्नुपर्ने बताए । बागलुङ सभापति जितबहादुर शेरचनले पार्टीमा देखिएको निराशालाई चिर्दै अघि बढ्नुपर्ने बताए । धादिङका सभापति रामनाथ अधिकारीले महासमिति सदस्यहरूले जहाँबाट भोट हाल्यो, हामी एकै ठाउँमा छौं भन्ने बिर्सिएको गुनासो गरे ।

नवलपरासीका सभापति महेन्द्र जिसीले जनतालाई प्रदेश सरकारलाई जोकरको रूपमा लिएको बताए । त्यस्तै काभ्रेका जिल्ला सभापति तीर्थ लामाले केन्द्रीय समिति र पदाधिकारीहरू सक्षम हुँदाहुँदै पनि विचारमा ऐक्यबद्धता नदेखिएको गुनासो गरे । म्याग्दी सभापति खमबहादुर गर्बुजाले शीर्ष नेताहरू एक ठाउँमा हुन जरुरी भएको बताए । त्यस्तै रामेछाप जिल्ला सभापति कान्छाराम तामाङले १५औं महाधिवेशनमा सबै जिल्लामा केन्द्रीय प्रतिनिधि हुनुपर्ने बताए ।

ताप्लेजुङ सभापति गजेन्द्र तमुले कोशीमा पहिचानको मुद्दा कांग्रेसले मिलाउनुपर्ने बताए । पाँचथरका जिल्ला सभापति रूपनारायण जबेगुले कोशीको मुद्दालाई तत्काल निकास दिन नेतृत्वलाई आग्रह गरे । प्युठान जिल्ला सभापति बिष्णु गिरीले गठबन्धन महासमिति बैठकमा प्रवेश पाउनु गलत भएको बताए । 'गठबन्धनको बिषय महासमिति बैठकमा घुसाउनु हुँदैनथियो,' उनले भने ।

दाङ जिल्ला सभापति शंकर डाँगीले गठबन्धनको मर्मलाई बुझेर व्यवस्थापन गर्नुपर्ने बताए । पाल्पाका सभापति हिमाल श्रेष्ठले चुनावी गठबन्धनले गर्दा धेरै कांग्रेस पीडित बन्नुपरेको बताए । डोल्पा सभापति पूर्ण शाहीले कांग्रेसमा अनुशासनको समस्या भएको र नेता कार्यकताले जे मन लाग्यो त्यही गर्न नहुने बताए ।

#### शेखरलाई वरिष्ठ नेता बनाउन माग

बैठकमा नेता डा. शेखर कोइरालालाई पार्टीको वरिष्ठ नेता बनाउने विषय उठान भएको छ । प्रतिवेदनमाथि छलफल गर्ने क्रममा रौतहटका शेख वकिलले यस्तो माग गरेका हुन् । उनले मधेसको विकासका लागि कांग्रेस नेतृत्वले चासो नदिएको भन्दै आपत्तिसमेत जनाए ।

'नेताहरू ठुला ठुला कुरा गर्छन् मधेसको विकासको निम्ति केही बोल्दैनन्,' उनले भने, ' सभापतिमा हारेका नेतालाई वरिष्ठ नेता दिइनुपर्छ । शेखर कोइरालालाई वरिष्ठ नेता दिनुपर्छ ।' शेखरलाई वरिष्ठ नेता बनाउनुपर्नेमा धेरै नेताको माग भए पनि महामन्त्री थापा मौन बस्दा देउवाले यसबारे कुनै निर्णय गरेका छैनन् ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAPITOL PROJECT MANAGEMENT SERVICES WLL

पुर्व स्वीकृति मिति २०८०/११/०९ LT. No. 300319 चलानी नं. ६०२१५२३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 1 | 0 | 1000 | ३६,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४३,६८५ | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३६,४०५ | | | | | | | |
| 4 | Mason | 2 | 0 | 1200 | ४३,६८५ | | | | | | | |
| 5 | Pipe Fitter | 1 | 0 | 1200 | ४३,६८५ | | | | | | | |
| 6 | Plumber | 1 | 0 | 1200 | ४३,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAHRAT AL-ANDALUSIA FOUNDATION FOR MAINTENANCE AND CLEANING

पुर्व स्वीकृति मिति २०८०/१०/२८ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ LT. No. 299841 चलानी नं. ६०२१४७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 2 | 0 | 1000 | ३५,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np


## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल

### क्याटलग/ब्रोसर पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/११/१० गते)

यस गोदावरी नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार Electric Car सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क) ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम त्यस्ता सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरुबीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ एवं उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दररेट (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ अनुसार उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताले देहाय बमोजिमको सवारी साधनहरुको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयको कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन सम्बन्धित उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि.नं | मालसमानको विवरण | परिमाण | ईकाई | कैफियत |
|---|---|---|---|---|
| 1 | Electric Car | 1 | unit | |

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**

१) उत्पादक वा अधिकृत बिक्रेता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि (Authorization Letter),
२) आर्थिक वर्ष २०७९/०८० सम्मको लागि फर्म नविकरण भएको प्रमाण-पत्र प्रमाणित प्रतिलिपि,
३) आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि,
४)योग्यता सम्बन्धी अन्य आवश्यक कागजातहरु ।

**नोटः स्पेशिफिकेशनको लागि यस कार्यालयको website: www.godawarimunlalitpur.gov.np मा हेर्न अथवा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।**

प्रमुख प्रशासकीय अधिकृत


## युएईमा रोजगारको अवसर

कम्पनी : ECO PURE TECHNICAL SERVICES

पुर्व स्वीकृति मिति २०८०/११/०९ LT No.300284 चलानी नं. ६०२१५२७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 5 | 1000 | ३६,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTREPID
INTERPID RECRUITMENT SERVICES PVT. LTD
+ 977-1-4560530/4560531
info@interpidhr.com, www.interpidhr.com,
Sinamangal-9, Kathmandu



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD

पुर्व स्वीकृति मिति २०८०/१०/०९ LT. No. 300350 चलानी नं. ६०२१५२७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 10 | 0 | 1200 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mix Worker | 30 | 0 | 1500 | ५३,००५ | | | | | | | |
| 3 | Furniture Assembly Worker | 30 | 0 | 1500 | ५३,००५ | | | | | | | |

कम्पनी : SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD

पुर्व स्वीकृति मिति २०८०/१०/०९ LT. No. 300349 चलानी नं. ६०२१५२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder/construction Worker/building Worker | 40 | 0 | 1200 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Worker/concrete Finisher | 60 | 0 | 1200 | ४२,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd.
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com


प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## जिल्ला अस्पताल खोटाङ

कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८०/११/१०)

जिल्ला अस्पताल खोटाङबाट मिति २०८०/०९/२९ मा अस्पतालका लागि एक्सरे फिल्म, प्रयोगशालाका लागि आवश्यक केमिकल, औषधि र उपकरणहरू खरिदका लागि राष्ट्रिय स्तरको बोलपत्र आह्वान भई रितपूर्वक मिति २०८०/११/०२ सम्ममा पेश हुन आएका बोलपत्रहरूमध्ये तपसिल अनुसारका बोलपत्रदाताले कबोल गरेको अंक मूल्याङ्रुकनबाट सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा तपसिल अनुसारका बोलपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | बोलपत्र नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १. | ०१/२०८०-०८१ | प्रयोगशालाका लागि एक्सरे फिल्म र औषधि खरिद | एम.आर.एस. ईन्टरप्राइजेज त्रिपुरेश्वर काठमाण्डौ | ९४,२४,०००/- |
| २. | ०२/२०८०-०८१ | प्रयोगशालाका लागि केमिकल र सर्जिकल सामग्री खरिद | सनराइज सर्जिकल हाउस | ७३,७४,७०५/- |

अस्पताल प्रमुख

# पुनर्निर्माणकै आशामा बित्यो मदन स्मारकको आठ वर्ष

**ललितपुर-** ललितपुर महानगरपालिका कार्यालय छेउमै २०११ सालमा स्थापना भएको मदन स्मारक माध्यामिक विद्यालय छ । जगदम्बा कुमारीदेवीले आफ्ना श्रीमान् मदन शमशेरको सम्झनामा स्थापना गरेको उक्त विद्यालयको नाममा २७ रोपनी जमिन भए पनि अहिलेसम्म सोचेजस्तो स्तरोन्नति गर्न सकिएको छैन ।

विद्यालय स्थापना हुँदा निर्माण भएको २४ कोठे राणकालीन भवन हाल जीर्ण छ । वि.सं. २०७२ को भूकम्पले उक्त विद्यालयको तीनवटा भवनमा क्षति पुर्‍याएपछि जोखिमको मूल्यांकन गरेर रातो स्टिकर टाँसिएको थियो । दुईवटा भवन हाल प्रयोगमा छैनन् । अर्को चर्किएको भवनमा भने रातो स्टिकर टाँसे पनि पठनपाठन हुने गरेको छ ।

भूकम्पले क्षति पुर्‍याएको भवनमा रातो स्टिकर टाँसिएपछि पुनर्निर्माणको आशामा दुई वर्षसम्म टहरामा पठनपाठन सञ्चालन गरिएको विद्यालयका प्रधानाध्यापक गोविन्द पौडेल बताउँछन् । उनी भन्छन्, 'जगदम्बा कुमारी देवीको २०४५ सालमा निधन भएपछि नेपाल सरकारका तर्फबाट प्राप्त ५० हजार रूपैयाँबाट भवन निर्माण पुनः निर्माण गरिएको थियो ।

हालसम्म सरकारले विद्यालयको स्तरोन्नतिका लागि खासै चासो देखाएको छैन ।' भूकम्पले क्षति पुर्‍याएको भवनमा अहिले विद्यार्थी अध्ययन गरिरहेका छन् । वि.सं. २०११ देखियता छाना फेरिएको छैन । वर्षा सुरु हुने बित्तिकै कक्षा कोठामा पानी चुहिन थाल्छ । भूकम्प गएको आठ वर्ष पुग्न लागिसक्यो अझै पुनर्निर्माणको सुर छैन ।

विद्यालयका प्रधानाध्यापक गोविन्द पौडेल भन्छन्, 'यदि सरकारले विद्यालयको भौतिक संरचनासहित स्तरोन्नतिमा चासो देखाएमा यस विद्यालयलाई नमूना सरकारी विद्यालय बनाउन सकिन्छ । विद्यालय ललितपुरको केन्द्रमा रहेको र विद्यालयको नाममा २७ रोनी जमिन रहेको हुँदा सरकारी लगानीमा नमूना सरकारी विद्यालय बनाउन सकिन्छ ।' हाल यस विद्यालयमा कक्षा एकदेखि १२ सम्म जम्मा ६०० विद्यार्थी छन् । कक्षा छ देखि १२ सम्म विद्यार्थीको भर्ना संख्या ठीकै भए पनि बालविकासदेखि कक्षा पाँचसम्मको भर्ना संख्या त्यति चित्तबुझ्दो छैन ।

बालबिकासदेखि कक्षा पाँचसम्म विद्यार्थीहरूको भर्ना दर चित्तबुझ्दो नहुनुको पछाडिको कारण सरकारी स्कुलप्रतिको बुझाइ र गलत प्रचार रहेको विद्यालयका प्रधानाध्यापक गोविन्द पौडेल बताउँछन् । उनी भन्छन्, 'सरकारी स्कुलको शिक्षा राम्रो भए पनि गलत प्रचार गरिएको छ । सेवा सुविधाको हिसाबले निजी स्कुलभन्दा सरकारी स्कुल धेरै माथि छ । *रासस*

# कामपाको अनलाइन प्रणालीमा जोडिए ४१ अस्पताल

**काठमाडौं-** काठमाडौं महानगरपालिकाले लक्षित वर्ग, विपन्न, असहाय र बेवारिसेको निःशुल्क उपचारका लागि सञ्चालनमा ल्याएको अनलाइन प्रणालीमा ४१ वटा अस्पताल आबद्ध भएका छन् ।

महानगरका अस्पतालमा 'निःशुल्क उपचार सेवा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८० ' को व्यवस्थाबमोजिम महानगर क्षेत्रभित्रका सम्पूर्ण निजी तथा सामुदायिक अस्पताललाई यही फागुन १ गतेदेखि व्यवस्था कार्यान्वयन गर्न महानगर स्वास्थ्य विभागले गरेको पत्राचार अनुसार ४१ अस्पताल आबद्ध भएका हुन् । आबद्ध ४१ अस्पतालमा कूल तीन हजार २३९ शयचा छन् । जसको १० प्रतिशत अर्थात् ३२३ वटा शयचा लक्षित वर्गका लागि रहेको महानगर स्वास्थ्य विभागका निमित्त प्रमुख सजिना महर्जनले जानकारी दिइन् ।

स्वस्थ भएर बाँच्न पाउने तथा रोग लागेमा उपचारको सुविधा पाउने नागरिक अधिकार कार्यान्वयन गर्न विभिन्न चरणका प्रक्रिया पूरा भएको महानगरको भनाइ छ । आर्थिकरूपमा विपन्न र कोही नभएका व्यक्ति यस सेवाको लक्षित समूह हुन् । महर्जनले भनिन्, 'लक्षित वर्गको सहजताकै लागि सबै अस्पताललाई उक्त प्रणालीमा आबद्ध हुन आग्रह गरिएको छ ।'

लक्षित वर्गको निःशुल्क उपचारलाई प्रणालीमा आधारित, व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन जारी गरिएको कार्यविधिमा कामपाको प्रमुख बालेन्द्र साहको संयोजकत्वमा निर्देशक समितिको गठन भइसकेको छ । समितिमा महानगरका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतसहित सरोकारवाला कार्यालयका प्रतिनिधिहरू सदस्य रहेका छन् ।

उपचार प्रक्रियाका लागि बिरामीले वडालाई सिफारिसका लागि दिने निवेदन, स्थानीय तहले उपचारका लागि गर्ने सिफारिस, वडाले गर्ने सर्जमिन, बिरामीलाई उपचार दिँदा भर्नुपर्ने फाराम, दैनिक रजिस्ट्रार, उपचार गर्ने बिरामी वा निजको आफन्तबाट प्राप्त गर्नुपर्ने विवरण, प्रतिवेदनका ढाँचा कार्यविधिको अनुसूचीमा राखिएका छन् । सेवा नेपालका जुनसुकै भागबाट आएका व्यक्तिलाई पनि तोकिएको मापदण्डबमोजिम उपलब्ध हुने छ ।

### कसरी लिने निःशुल्क सेवा ?

गरिबी परिचयपत्र भएका बिरामीले सोझै अस्पताल गई उपचार सेवा लिन सक्ने छन् । यदि गरिबी परिचयपत्र छैन भने बिरामीले कार्यविधिको अनुसूची-२ बमोजिमको निवेदन र आर्थिक अवस्था खुल्ने अनुसूची-५ बमोजिमको फाराम भरी सम्बन्धित वडा कार्यालयमा दिनुपर्छ । वडा कार्यालयबाट दिइने अनुसूची-४ बमोजिमको सर्जमिन र अनुसूची-३ अनुसारको सिफारिसपत्र लिई अस्पतालमा जानुपर्ने छ । *रासस*

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/११/१०**

यस कम्पनीको मिति २०८०/१०/२५ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी "**मेधिनी इन्टरनेशनल**" **प्रा.लि.** को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम "**जेनेक्स इन्टरनेशनल**" **प्रा.लि.** (प्रा. लि. नं. २७०४३३) कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/११/१०**

यस कम्पनीको मिति २०८०/०९/२९ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी "**ईन्टरनेशनल ईन्स्टिच्युट अफ रिटेल**" **प्रा.लि.** को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम "**आनन्दलय हस्पिटालिटी**" **प्रा.लि.** (प्रा. लि. नं. १३६६६७) कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/११/१०

यस कम्पनीको मिति २०७९/०४/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बन्दीपुर हिमालयन रिसोर्ट प्रा.लि. (प्रा.लि. नं. २४९६६५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१०/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बन्दीपुर फार्म हाउस एण्ड रिट्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CALICUT NOTE BOOK RESTAURANT**

पूर्व स्वीकृति मिति: २०७९/०८/२७ पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/०९ चलानी नं.६०१९३२५१ LT. No.275125

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Marketing | 1 | 0 | 3500 | १२७,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1400 | ५०,८९५ | | | | | | | |
| 3 | Cleaner | 1 | 0 | 1000 | ३६,३५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.**
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal
Tel: +977-01-4489384, 4589384 Mob.9851086131
E-mail : saugatemployment1221@gmail.com
श्रम ईजाजत नं. १२२१/०७४/०७५

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NUZHAT TRADING AND CLEANING**

पुर्व स्वीकृति मिति २०८०/०२/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ LT. No. 287450 चलानी नं : ६०२०२७८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 4000 | १४५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Representative | 14 | 0 | 2500 | ९१,१०० | | | | | | | |
| 3 | Driver | 3 | 0 | 1500 | ५४,६०५ | | | | | | | |
| 4 | Building Worker | 2 | 0 | 1200 | ४३,६८५ | | | | | | | |
| 5 | Dry Clean Worker | 0 | 1 | 1400 | ५०,९६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम ईजाजत नं. १३०२/०७४/०७५

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TWENTY NAILS LADIES BEAUTY SALON COMPANY**

पूर्व स्वीकृति मिति : २०८०/११/०९ LT. No. 300345 चलानी नं.६०२१५२६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 3 | 180 | ७७,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NAMASTE POKHARA RESTAURENT**

पुर्व स्वीकृति मिति २०८०/०८/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ LT. No. :295541 चलानी नं. ६०२१०५९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 1 | 1300 | ४७,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker | 1 | 0 | 1500 | ५४,७७५ | | | | | | | |
| 3 | Waiter | 3 | 4 | 1400 | ५१,१२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857

## Marma Rural Municipality
### Office of Rural Municipal Executive
### Latinath, Darchula

# INVITATION FOR BIDS

***Date of publication: 2080/11/10 (2024/2/22)***

Marma Rural Municipality, Latinath, Darchula invites electronic bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Marma Rural Municipality, Latinath, Darchula, Phone: 9840196763, E-mail: **rm.marma.darchula@gmail.comor** may visit PPMO website **www.bolpatra.gov.np/egp.**

| S.N | Contract ID | Description of Work and Contract No. | Estimated Cost (Incl. VAT) (NRs.) | Bid Security Amount (NRs.)/Validity Period | Price of Bidding Document /Account Number (NRs.) | Last Date of Bid Submision | Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1. | MARMA/ NCB/ GOODS/01/ 2080-081 | Supply, Delivery & Installation of Partition, Furniture And Furnishing Marma Rural Municipality | 28,83,647.00 | 72,000.00/120 Days | 3000.00 | 25-03-2024 12 hrs. | 25-03-2024 13 hrs. |

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Laxmi Sunrise Bank Ltd**
**Office Account no.: 0830552746703006**
**Name of Office: Marma Rural Municipality, Latinath, Darchula**

**Chief Administrative Officer**

## कुमारी बैक लिमिटेड शाखा कार्यालय तुलसीपुर, दाङ्गको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/१० गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय तुलसीपुर, दाङ्गबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० फागुन १७ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **यम नारायण रजौरे**<br>ना.प्र.नं.: ६९५/५०१<br>जारी मिति : २०५९/०५/१७ जि.प्र.का. दाङ्ग<br>बाबु : तेज कुमार रजौरे<br>बाजे: मिनिन्द्रराज रजौरे<br>स्थायी ठेगाना: दाङ्ग जिल्ला, हेकुली गा.वि.स. वडा नं. ०२<br>हालको ठेगाना: दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ६ | १. धनि कुमारी बैंक लि. र ऋणी **यम नारायण रजौरे** कायम रही बागमती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चेसिस नं. MDHHSNC95J3500405 ईन्जिन न R031722, सवारी नं बा १९ च ३३१२ को Nissan Terrano XL थान १ । |

**व्यक्तिगत जमानीकर्ताको विवरण:**

१. **बिमला रजौरे**
ना.प्र.नं.: ७६१
जारी मिति : २०५९/१०/१७, जि.प्र.का. दाङ्ग
बाबु : निमकान्त आचार्य शर्मा
पति : यम नारायण रजौरे
स्थायी ठेगाना: दाङ्ग जिल्ला, हेकुली गा.वि.स. वडा नं. ०२
हालको ठेगाना: दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ६

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० फागुन १६ गते** भित्र बैंकको शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय ट्राफिक चोक, बुटवलबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० फागुन १७ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० फागुन १७ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय तुलसीपुर, दाङ्ग फोन नं. ०८२-५२११७५**

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# अनावश्यक 'टकराव' बन्द गर

सरकार देशमा रोजगारी सिर्जना गर्न सक्दैन । यसकारण सशक्त युवा वर्ग विदेश जाओस् र रेमिटचान्स ल्याओस् भन्ने आशासाथ ढुक्कले सिंहदरबारमा शासन गर्छ । देशमा रोजगारी त दिन सकिएन नै, सरकारले विदेश जाने वातावरणमा पनि बिथोल्ने काम गरिरहेको छ । वैदेशिक रोजगारी अहिलेको आवश्यकता देखिएको मन्त्रीहरू नै बताउँछन् । तर वैदेशिक रोगजारीमा जान तयार युवालाई पाइलापाइलामा दुःख दिन्छन् । पासपोर्ट बनाउँदा होस् या श्रम स्वीकृति लिँदा । त्रिभुवन विमानस्थलबाट विमान 'टेक अफ' नभएसम्म सरकारले श्रमका लागि विदेसिनेहरूलाई अनेकन दुःख दिइरहन्छ । विदेश पुगेपछि आँखा, कान थुनेर बस्ने कूटनीतिक नियोगले दिने दुःख अर्कै छ ।

यो विषयमा पीडितहरूले आवाज बुलन्द गर्न थालेपछि अहिले सरकार आकर्षक कमाई हुने मागपत्रमा रोकतोक गर्नतिर लागेको देखिन्छ । हालै कोरियामा लैजाने श्रमिकको विषयमा सरकारी निकायकै लफडाका कारण नेपालले कयौं कोटा गुमाउनुपरेको थियो । यस्तै भएको छ युरोपका विभिन्न मुलुकबाट आएका मागपत्रमा । मागपत्र प्रमाणीकरणमा सरोकारवाला मन्त्रालयको टकरावका कारण नेपालीले पाउने रोजगारीको कोटा गुमाउने चरणमा पुगेको हो । मागपत्र प्रमाणीकरणको समस्या सम्बन्धित मुलुक हेर्ने नेपाली राजदूतावास वा कूटनीतिक नियोगबाट समयमै मागपत्र प्रमाणीकरण हुन नसके श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गर्ने कार्यविधि बनाइए पनि कार्यान्वयनमा आएको छैन ।

मागपत्र प्रमाणीकरणका सम्बन्धमा श्रम मन्त्रालयले 'वैदेशिक रोजगारसम्बन्धी जाँचबुझ र स्वीकृति गर्ने कार्यविधि, २०८०' जारी गरेपछि परराष्ट्र मन्त्रालय असन्तुष्ट देखिन्छ । परराष्ट्र ठुस्किँदा युरोपबाट आएको १५ हजारभन्दा बढी मागपत्र थन्किएर बसेको बताइन्छ । राजदूतावासबाट युरोपका मागपत्र प्रमाणीकरणमा ढिलाइ हुँदा रोजगारीको अवसर गुम्न थालेको भन्दै १५ दिनभित्र सम्बन्धित मुलुक हेर्ने कूटनीतिक नियोगले प्रमाणीकरण नगरे श्रम मन्त्रालय आफैंले गर्नेगरी गत पुस १७ गते उक्त कार्यविधि जारी गरेको थियो । यद्यपि कार्यविधिअनुसार मागपत्र प्रमाणीकरणका लागि श्रम मन्त्रालयले आवश्यक जाँचबुझ समिति बनाउने निर्णय कार्यान्वयनमा आउन सकेको छैन ।

श्रम मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखाका सहसचिवको संयोजत्वमा परराष्ट्र मन्त्रालय, वैदेशिक रोजगार विभागलगायतका निकायका उपसचिव सदस्य रहनेगरी समिति गठन गरिएको छ । तर पटक–पटक पत्राचार गर्दा पनि परराष्ट्रबाट प्रतिनिधि पठाएको छैन । मागपत्र प्रमाणीकरण समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्न परराष्ट्रमन्त्री एनपी साउद सकारात्मक भए पनि परराष्ट्रका अधिकारीहरूको असहयोग रहेको देखिन्छ । गत वर्ष युरोपबाट आएको मागपत्र प्राणीकरण हुन नसक्दा ४० हजारभन्दा बढी रोजगारीको अवसर गुमेको थियो । मागपत्र प्रमाणीकरण हुन समय लागे नेपालका लागि आएको माग अन्यत्र जान्छ । कि त वैदेशिक रोजगारी बन्दै गर्नुपर्छ नभए आकर्षक तलब पाइने स्थानमा सरकारले नै यस्तो राजनीति गर्नु लज्जास्पद विषय हो । यो रेमिटचान्स आशा गर्ने सरकारकै लागि घातक छ । दुई मन्त्रालयबीचको अनावश्यक टकराव तत्काल बन्द गनुपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको भ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।'

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।' 'म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु, राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ । राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछिमात्र कीर्ति पाउँछ । जो राजर्षि बनी देशको सेवा गर्छ गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ । राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ । आज राति तिमी सुत्नेछैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ ।'

एउटा अर्को कुरामा अरु ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु । राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो । जुन शासकले विषपान गरी अमृत ओकल्दछ(छाड्दछ) त्यही राजाले राज्यको सञ्चालन राम्ररी गर्न सक्छ । क्रमशः

सन्दर्भ : अन्तर्राष्ट्रिय मातृभाषा दिवस

# मातृभाषा प्रवर्द्धनको अवस्था र पहल



▸▸ गणेशकुमार राई

महात्मा गान्धीले भने जसरी मातृभाषाको सामान्य ज्ञानबाट हाम्रा बालबालिका टाढिदै छन् । मातृभाषालाई हेला गर्दा राष्ट्रघात भइरहेको छ कि ? यसतर्फ तीनै तहका सरकारले गम्भीरतापूर्वक लिएर भाषा नीति निर्माण, सम्बन्धित भाषिक समुदायको सशक्तीकरण, उत्प्रेरणा जगाउने, स्रस्टाहरूको गुणात्मक विकासमा अग्रसर तुल्याउन जरूरी छ ।

महात्मा गान्धीले आत्मकथामा मातृभाषाबारे मननीय वाक्यांश उल्लेख गरेका छन्- 'जो हिन्दूस्तानी आमा-बाबु आफ्नो बच्चासँग बाल्यकालदेखि अंग्रेजीमा कुराकानी गर्न थाल्छन्, उनीहरू आफ्नो राष्ट्रको द्रोह गर्छन् । मैले यो पनि मानेको छु कि यसले बालक आफ्नो देशको धार्मिक र सामाजिक बिरासतबाट वञ्चित रहन्छ । त्यत्तिकै अंशमा देशको र विश्वको सेवा गर्नका निम्ति कमयोग्य बन्छ । मातृभाषाको सामान्य ज्ञान जो स्वतः उनीहरू पाउँछन्, त्यसले उनीहरूको र राष्ट्रको फाइदा नै पुगेको हुन्छ र आज उनीहरू परदेशीजस्तो भएका छैनन् ।'

गान्धीको अभिव्यक्ति उन्नाइसौं शताब्दीको हो । भारतबाट अंग्रेजको साम्राज्य हटचो । तर पनि अंग्रेजी भाषाको विस्तार दक्षिण एसियामात्र होइन, विश्व समुदायलाई गाँज्दै लगेको अवस्था छ । २१औं शताब्दीसम्म आइपुग्दा विश्वको करिब सात हजार मातृभाषाको संख्या दिनानुदिन घट्दो अवस्थामा रहेको छ । हाम्रोजस्तो बहुभाषिक समाजलाई दिन दुईगुना रात चौगुना भने जसरी विदेशी भाषाले थिचिरहेको अवस्था छ । एक दिन कविता वाचन गराएरमात्र मातृभाषाको विकास हुन सक्दैन । तीनै तहको सरकारले मुलुकभित्र बोलिने मातृभाषालाई संविधान अनुकूलको व्यवहार गर्न जरुरी छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठान (नेप्रप्र)ले २०१० देखि २०२२ सम्म दुईदिने मातृभाषा कविता महोत्सवको आयोजना गर्दै आयो । नेप्रप्रको तत्कालीन कुलपति बैरागी काइँला नेतृत्वले छुट्टै एकेडेमीमा मातृभाषा साहित्य विभाग गठन गरेर मातृभाषा क्रियाकलापलाई बढावा दियो र दिवसको सन्दर्भमा कविता महोत्सवको आयोजना गर्दै आयो । त्यसपछिको दुई कार्यकाल गंगाप्रसाद उप्रेती कुलपति रहँदासम्म निरन्तरता दियो । नेप्रप्रलगायतका सरकारको कुनै पनि निकायसँग मुलुकको मातृभाषाहरूको संरक्षण, सवर्द्धन र प्रवर्द्धन गर्ने लिखित कार्यतालिका छैन ।

नेप्रप्रले २०१० देखि २०२२ सम्म गर्दै आएको मातृभाषा दिवसमा वाचित कविताको सँगालो प्रकाशन गर्दै आएको थियो । अनुसन्धानमूलक 'मातृभाषाको रूपरेखा' तीन खण्ड र 'मातृभाषा साहित्यको इतिहास' दुई खण्ड प्रकाशित गरिएको थियो । त्यसैगरी 'सयपत्री' अर्धवार्षिक बहुभाषिक पत्रिका, नेवाः भाषाको 'थायभू,' लिम्बू भाषाको 'फक्ताङ्लुङ,' मैथिली भाषाको 'आङन' पत्रिका प्रकाशन गर्दै आएकामा अहिले ती प्रकाशनलाई निरन्तरता दिइएको छैन । यद्यपि सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' नारा लिएर हरेक महिनाको अन्तिम शुक्रबार मातृभाषा साहित्य शृंखला आरम्भ गरिएको छ । उक्त शृंखलामा एउटा भाषाबारे विमर्श र दुई-तीन भाषामा कविता वाचन गराउँछ । नेप्रप्रले यो वर्ष अन्तर्राष्ट्रिय मातृभाषा दिवस-२०२४ धरान उपमहानरपालिकासँग सहकार्यमा धरानमा कविता महोत्सव गरेको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले दिवसको सन्दर्भमा एक मातृभाषी दिग्गजलाई सम्मान, कविता वाचन कार्यक्रम र 'थुंगा' कविता सँगालो प्रकाशन गर्दै आएको छ । यसका अतिरिक्त विभिन्न मातृभाषाका साहित्य, संस्कृति, इतिहासलगायत विविध विषयका पुस्तक प्रकाशन गर्दै आएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार स्थापित यो प्रतिष्ठानले स्थापनाकालदेखि दुई दशकमा अनुसन्धान, साहित्य, इतिहास, संस्कृतिजस्ता सयौं पुस्तक प्रकाशन गर्दै आएको छ । प्रतिष्ठानको उपाध्यक्ष र सदस्यसचिव राजनीतिक पार्टीको सक्रिय कार्यकर्तालाई नियुक्त गर्ने परम्पराले यो निकायले प्राज्ञिक आकार भने लिनसकेको छैन ।

### सरकारी सञ्चारमा मातृभाषा

सरकारी मातहतका सञ्चारमाध्यमले मातृभाषाहरूको संरक्षणमा केही सकारात्मक पहल गर्दै आएका छन् । रेडियो नेपालले २०५१ भदौ १ गतेदेखि विभिन्न मातृभाषामा समाचार प्रसारण गर्दै आएको छ । रेडियो नेपालले अहिले केन्द्र र प्रादेशिक प्रसारणबाट २२ भाषामा समाचार र २१ भाषामा कार्यक्रम सञ्चालन गरेको छ । केही समयअघि बज्जिका भाषाको समाचार प्रसारण आरम्भ भएको छ भने बैतडेली भाषामा योग्य उम्मेदवार नपाउँदा समेट्न नसकिएको बताइएको छ । सोह्रौं पञ्चवर्षीय योजनामा ३० भाषामा समाचार र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

गोरखापत्र संस्थानले २०६५ असोज १ गतेबाट गोरखापत्र दैनिकमा बहुभाषिक 'नयाँ नेपाल' पृष्ठमा आरम्भ गरेको छ । अहिले ४१ वटा मातृभाषाका सामग्री प्रकाशन गरिँदै आएको छ । छ महिनाअघि तीन भाषा थपिएर ४१ भाषाका सामग्री प्रकाशन हुँदै आएको छ । एउटा भाषाले महिनामा एकपटक र एक महिना बिराएर दुईपटक छापिने गरेको छ । मुलुकमा बोलिने भाषाहरू लेखनमा देवनागरी, रोङ, किरात सिरिजंगा, सम्भोटा, तामयिग, रञ्जना (नेवाःलिपि), ओलचिकि, खेमा, मिथिलाक्षर, अक्खा, कोइँच ब्लेसे (सुनुवार लिपि), कैथी, धम, नस्तालिक, ब्रेल, अरबी, रोमन, गुरुमुखी, बाङला लिपि प्रयोग गरेको पाइन्छ । गोरखापत्रमा प्रकाशित भाषिक सामग्रीहरू लिम्बू, तामाङ, उर्दू, मुगाललगायत केही भाषा सम्बन्धित लिपिमा छापिने गरेको पाइन्छ ।

राष्ट्रिय समाचार समिति (रासस) सरकारी स्वामित्वको समाचार सेवा प्रदायक संस्था हो । नेपाली र अंग्रेजी भाषामा देशभरिका ५०० भन्दा बढी पत्रपत्रिका, रेडियो, अनलाइन, टेलिभिजनहरूलाई समाचार सेवा दिँदै आएको राससले यसै वर्षबाट अन्य मातृभाषाको समाचारसमेत सेवा आरम्भ गरेको छ । नेपालगञ्ज नगरपालिकासँगको सहकार्यमा पहिलोपटक अवधी भाषाको समाचार सेवा सुरु गरेको छ । अब काठमाडौं, भक्तपुर र ललितपुर महानगरपालिकासँग सहकार्य गरी नेपालभाषाको समाचार उत्पादन गर्ने योजना बनेको छ । त्यसैगरी मैथिली, भोजपुरी र तामाङ भाषालाई प्राथमिकता दिन प्रदेश सरकार र स्थानीय तहसँग पहल अघि बढेको राससले जनाएको छ । यसैगरी नेपाल टेलिभिजनले अहिले सात भाषामा समाचार र १४ वटा भाषामा कार्यक्रम सञ्चालन गर्दै आएको छ । भोजपुरी, नेवार, मगर, अवधी भाषामा समाचार थप्ने योजना बनाएको छ ।

### आदिवासी भाषा दशक

संयुक्त राष्ट्रसंघले सन् २०२२ देखि २०३२ लाई आदिवासी भाषा दशक घोषणा गरेको छ । त्यसमा सदस्य राष्ट्र नेपाल सरकारले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मन्त्रीकै अध्यक्षतामा मूल समिति गठन गरेको छ । अन्तर्राष्ट्रिय मातृभाषा दिवस एउटा अन्तर्राष्ट्रिय चाडका रूपमा स्थापित भएको छ । सरकारले भाषा आयोगलगायतका अन्य आयोगहरूलाई कार्यक्रमको बजेट उपलब्ध नगराउँदा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मात्र नभई आदिवासी भाषा दशकलाई प्रभावित तुल्याएको छ । राज्यको तर्फबाट दायित्व बहन भएको छैन । युनेस्को नेपाल च्याप्टरले जुन दायित्व बहन गर्नुपर्ने हो, त्यो अहिलेसम्म नगरेकाले पनि समस्या आएको हो ।

नेपालको संविधान २०७२ ले नेपालमा बोलिने सबै भाषा 'राष्ट्रभाषा'को संज्ञा दिएको छ । तर भाषा ऐन निर्माण नहुँदा संघ, प्रदेश र स्थानीय सरकारले भाषासम्बन्धी ठोस काम गर्न सकेका छैनन् । यसै वर्ष बागमती प्रदेशले भाषा ऐन जारी गरेपछि नेपाल भाषा र तामाङ भाषा सरकारी कामकाजको भाषाका रूपमा लागू गर्ने प्रक्रिया अघि बढेको छ । भाषा आयोगले दिएको सुझावअनुसार बागमती प्रदेशले मात्र भाषा ऐन जारी गरेको छ । अहिले केही स्थानीय तहले स्थानीय विषयका रूपमा मातृभाषामा पठनपाठन सुरु गरेका छन् ।

राष्ट्रिय जगणना २०७८ अनुसार मुलुकमा १२४ भाषा छन् । भाषा संख्या बढ्नुले मातृभाषाप्रति जागरुकता बढेको आकलन गर्न सकिन्छ तर अधिकांश भाषाहरू अल्पसंख्यक छन् । कम मानिसले बोल्ने, लेख्य परम्परा छैन । केही भाषा त आफ्नै परिवारभित्र सीमित छन् । समुदायमा पनि प्रयोग हुँदैन । भाषाको प्रयोग भएन भने त्यो भाषा विस्तारै लोप हुँदै जान्छ । मातृभाषालाई जोगाइराख्न सरकारले पनि सहयोग गर्नुपर्छ । स्थानीय विषयका रूपमा पठनपाठन भयो भने मातृभाषा जोगाउन सकिन्छ । त्यसको डिजिटल अभिलेखीकरण हुनुपर्छ । बराम, पुमा, छिन्ताङलगायत अन्य केही भाषाहरूको अन्तर्राष्ट्रिय अर्काइभमा राखिएका छन् । भाषा आयोग, त्रिवि भाषा विज्ञान केन्द्रीय विभाग, प्रज्ञा प्रतिष्ठानले अल्पसंख्यकले बोल्ने भाषालाई लोप हुनुभन्दा पहिले त्यसको अभिलेखीकरणमा ध्यान दिन आवश्यक छ ।

### भाषा दिवस

बंगलादेशमा मातृभाषा (बंगाली भाषा) बोल्न पाउनुपर्ने मागसहित प्रदर्शनमा उत्रिएका विद्यार्थी मारिएको दिन सन् १९५२ फेब्रुअरी २१ को सम्झनामा यो दिवस मनाइएको हो । युनेस्कोले १९९९ नोभेम्बर १७ मा यस दिनलाई विशेष दिनका रूपमा स्वीकार गऱ्यो भने सन् २००० मा संयुक्त राष्ट्रसंघले यस दिनलाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा घोषणा गऱ्यो । त्यसयता 'फेब्रुअरी २१' (फागुन ९) लाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा मनाइँदै आएको छ । यो वर्ष सन् २०२४ मा 'बहुभाषिक शिक्षा नै अन्तरपुस्ता सिकाइको जग हो' नारासहित २५औं दिवस मनाइँदै छ ।

नेपालमा सन् २०१० देखि औपचारिक रूपमा यो दिवस मनाउन थालिएको हो । नेपाल प्रज्ञा-प्रतिष्ठान र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले यसको सुरुआत गरेका हुन् । त्यस निम्ति नेपालस्थित बंगलादेश दूतावास र युनेस्कोको संलग्नता रहँदै आएका छ । नेपालको संविधान, २०७२ मा भएको व्यवस्थाअनुसार गठित संवैधानिक आयोगहरू आदिवासी जनजाति आयोग, मधेसी आयोगले समेत मातृभाषा दिवसको सन्दर्भमा मातृभाषासम्बन्धी क्रियाकलाप गर्दै आएका छन् ।

अन्त्यमा, महात्मा गान्धीले भने जसरी मातृभाषाको सामान्य ज्ञानबाट हाम्रा बालबालिका टाढिदै छन् । मातृभाषालाई हेला गर्दा राष्ट्रघात भइरहेको छ कि ? यसतर्फ तीनै तहका सरकारले गम्भीरतापूर्वक लिएर भाषा नीति निर्माण, सम्बन्धित भाषिक समुदायको सशक्तीकरण, उत्प्रेरणा जगाउने, स्रस्टाहरूको गुणात्मक विकासमा अग्रसर तुल्याउन जरुरी छ । *रासस*

*(लेखक मातृभाषा अभियन्ता हुन्)*

## पत्र-मञ्जुषा

# सरकारको असफलता : अर्थमन्त्री र गभर्नर

२०७८ असार २९ गते मुलुकको प्रधानमन्त्री नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा भए । देउवा नेतृत्वको सरकारमा जनार्दन शर्मा अर्थमन्त्री बने । उनी अर्थमन्त्री हुनुबित्तिकै राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई बैंकको पुँजी घरजग्गा, गाडी र सेयरमा मात्र लगानी गर्न नदिन सुझाए ।

बैंक खोल्न अनावश्यक रूपमा स्वीकृति नदिन र बैंक पनि मर्जरमा लैजान शर्माले सुझाव दिएका थिए । अर्कोतर्फ, मुलुकमा आर्थिक मन्दी आउनसक्ने र बैंकमा पनि समस्या देखिने भन्दै उनले गभर्नरलाई सचेतसमेत गराए । तत्कालीन अर्थमन्त्री शर्माले गभर्नर र सार्वजनिक कार्यक्रममै भनेका थिए कि जनताले पैसा लुकाइसके ।

यसले मुलुकमा ठूलो आर्थिक संकट निम्ति सकिने बताउँदै उनले सबैलाई सचेत गराएका थिए । शर्माले घरजग्गा, गाडी र सेयरलाई कर्जा नदिन बैंकहरूलाई निर्देशन दिनसमेत गभर्नर अधिकारलाई भने । उता, गभर्नरले आफूले दिएको निर्देशन नटेरी पछि तत्कालीन अर्थमन्त्री शर्माले यसबारे प्रधानमन्त्री देउवालाई बताए ।

गभर्नर अधिकारी नेकपा एमालेमा आबद्ध छन् । तत्कालीन अर्थमन्त्री शर्मा भने नेकपा माओवादी केन्द्रका नेता हुन् । प्रधानमन्त्री देउवा त कांग्रेस सभापति नै भए । उनीहरूको राजनीतिमा टक्कर पऱ्यो । एमालेका अध्यक्ष केपी शर्मा ओलीले त्यसबेला आफू सत्ताबाट बाहिरिएको रिस फेर्न खोजे ।

र, देउवा नेतृत्वको सरकारलाई असफल बनाउन लागिपरे । दिनभर अर्थमन्त्री, प्रधानमन्त्रीसँग मिटिङमा भएको कुरासमेत गभर्नर अधिकारीले बेलुका अध्यक्ष ओलीलाई जानकारी गराउने सुनिन्थ्यो । त्यसबीच गभर्नर अधिकारी र अर्थमन्त्री शर्माबीच एउटै कार्यक्रममा भएपनि बोलचोल हुन छाडचो ।

उनीहरूले एक-अर्कामाथि आरोपप्रत्यारोप लगाउन गरे । गभर्नर अधिकारीले सरकारलाई सहयोग नगर्ने अडान लिएपछि अर्थमन्त्री शर्माले उनलाई बर्खास्त गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लगे । मन्त्रिपरिषद्को बैठकले पनि गभर्नर अधिकारीलाई बर्खास्त गर्ने निर्णय गऱ्यो । उक्त निर्णयविरुद्ध गभर्नर अधिकारी सर्वोच्च अदालत गए ।

र, सर्वोच्चले उनको पद जोगाइदियो । निर्णय कार्यान्वयन नगर्न फैसला सुनाइयो । अर्थमन्त्री शर्मालाई पहिल्यै थाहा भइसकेको थियो कि सहकारी डुब्यो र बैंकमा पनि समस्या निम्तिन्छ । त्यसैले, उनले गभर्नरलाई पटक-पटक सचेत गराएका थिए । तर, गभर्नर ओलीको चेलामात्र बने । सार्वजनिक पदमा बसेका उनले राष्ट्रको हितमा काम गर्नुको साटो आफ्नो पार्टीको हितमा बढी काम गरे ।

तत्कालीन अर्थमन्त्री शर्माले अर्थ मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै घुमाउरो भाषामासमेत भनेका थिए कि यदि सरकारी कर्मचारी, जनप्रतिनिधिको तलबभत्ता कटौती गरी सरकारी खर्च कटौती नगरे र ५०० र हजारको नोटमा प्रतिबन्ध नलगाए मुलुकमा ठूलो आर्थिक संकट आउने छ । ०७९ मंसिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन भयो ।

सोही वर्षको पुस ११ गते नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार गठन भयो । दाहाल नेतृत्वको सरकार बन्नासाथ एमालेका नेता विष्णु पौडेल अर्थमन्त्री बने । जनार्दन अर्थमन्त्री हुँदा ओठे जवाफ फर्काउने गभर्नर अधिकारी पौडेल अर्थमन्त्री भएर आउनेबित्तिकै चुइक्क पनि बोलेनन् । र, पौडेलले जे भने त्यही माने ।

वर्तमान सरकारमा कांग्रेसका नेता डा. प्रकाशशरण महत अर्थमन्त्री छन् । उनी अर्थमन्त्री बनेको पनि ११ महिना पुगिसक्यो । अर्थमन्त्री कांग्रेसको हुँदा मुलुकको प्रधानमन्त्री माओवादीका अध्यक्ष दाहाल छन् । अहिले त अर्थमन्त्री र गभर्नर मिलेर सरकार असफल बनाउन लागिपरेका छन् ।

महतले जग्गाको कित्ताकाट खोल्न दबाब दिए । र, प्रधानमन्त्रीले पनि कित्ताकाट फुकुवा गराए । त्यस्तै, सेयरमा १२ करोडको सीमा हटाउन लगाए । गाडीमा पनि ५० प्रतिशतबाट ८० प्रतिशत कर्जा दिन लगाउन बाध्य बनाए । तत्कालीन अर्थमन्त्री जर्नादन शर्मालाई थाहा थियो कि सबै बैंक तथा वित्तीय संस्थाको कर्जा लगानी घरजग्गा, गाडी र सेयरमा छ ।

यी क्षेत्रमा मन्दी आए बैंक तथा बित्तीय संस्था डुब्नेबारे शर्मा स्पष्ट थिए । तर, अहिलेका अर्थमन्त्रीलाई यो कुरा थाहा छैन । अर्थमन्त्री महत खाली घरजग्गा, गाडी र सेयर कारोबार बढ्यो मात्र भन्छन् । उनले अहिलेसम्म सहकारी डुबेको थाहा पाएका छैनन् । सहकारीले करोडौं बचतकर्ताको खर्बौं रकम डुबाइदिएको समेत अर्थमन्त्री महतलाई थाहा छैन ।

त्यस्तै, लघुवित्त डुबेर बचतकर्ताहरूको बिजोग भएको पनि उनलाई जानकारी छैन । दुई वर्षअघि झण्डै चार हजारमा किनेको सेयर अहिले एकाएक १०० रूपैयाँमा झरेको अर्थमन्त्री महतलाई थाहा छैन । ६० लाख हालेर किनेको जग्गा लाखमा झरेको र ३० लाखमा किनेको गाडी पनि लाखमै झरेको उनलाई थाहा छैन । हरू रूप

मालपोत, यातायात र भन्सारमा राजस्व उठ्न छोडेकोबारे पनि उनी अञ्जान छन् । बजारमा कोठा, सटर र फ्ल्याट धमाधम खाली भएका छन् । यद्यपि, यसबारे पनि अर्थमन्त्रीलाई केही जानकारी छैन । मन्दी, बेरोजगारीका कारण दिनानु हजारौं युवाहरू खाडी गएको पनि अर्थमन्त्रीले देखेका छैनन् ।

अहिले देशको प्रधानमन्त्री दाहाल हुन् । उनले काम गर्न नसक्ने मन्त्री र गभर्नरलाई हटाउन सक्नुपर्छ । तर, काम गर्न नसक्ने अर्थमन्त्री र गभर्नरलाई प्रधानमन्त्री दाहाल बर्खास्त गर्न सक्दैनन् । त्यही कारण सरकारको कामको नतिजा देखिएको छैन । अर्थमन्त्री हटाउन प्रधानमन्त्रीलाई जति अप्ठेरो छ त्यो भन्दा बढी मुलुक र जनतालाई अप्ठेरो परेको कुरा बुझ्न जरुरी छ ।

*- रुषा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# युवामा देखिएका अस्वाभाविक परिवर्तनप्रति अभिभावक चिन्तित

**टीकापुर–** बालबालिकामा देखिएका अस्वाभाविक परिवर्तनले अभिभावकलाई चिन्तित बनाउन थालेको छ । अहिलेका बालबालिकाको आनीबानी र व्यवहारले विकृति भित्रिन थालेकाले चिन्तित बनाएको सम्बद्ध अभिभावकको गुनासो छ ।

समय बदलिँदो छ । समयसँगै हरेक कुरा बदलिँदै जान्छन् । यसरी समयसँगै हरेक कुरा बदलिँदै जानु स्वाभाविक हो तर मानिसमा आएको यो अस्वाभाविक बदलावलाई बुढापाकाहरू अचम्म ठान्न थालेका छन् । मानिसमा नैतिकता र अनुशासनगायत धेरै कुराले ठाउँ नै छोडिसकेको कैलालीका देवीराम जैसी बताउँछन् । 'अहिलेका बालबालिकामध्ये निकै कममा मात्र अनुशासन देखिन्छ । कतिपय बालबालिका चोरी, डकैती, र आपराधिक गतिविधिमा संलग्न भएका देखिन्छन्,' उनी भन्छन्, 'हाम्रा पालामा हामी अभिभावकको निगरानी र नियन्त्रणमा हुन्थ्यौं, अभिभावकले भनेको सबै मान्थ्यौं तर अहिलेका बच्चा उग्र देखिन्छन् ।'

ब्राह्मण समाज नेपाल टीकापुर शाखाका अध्यक्ष रामप्रसाद रिमाल उपाध्याय पनि आफू युवा र वयस्क हुँदा समाज, आफन्त नैतिकताका विषयमा निकै संवेदनशील रहेको सम्झन्छन् । 'ठूलाबडाप्रति बढो आदर र सम्मान गरिन्थ्यो,' उनी भन्छन्, 'तर आजभोलिका युवाले यस्ता संस्कार, संस्कृति र आदर सबै कुरा बिर्सिएजस्तो लाग्छ । बालबालिकामा संस्कार नभए समाज कस्तो होला ? चिन्ता लाग्न थालेको छ ।'

अध्यक्ष रिमाल बालबालिकाको जीवन सुन्दर बनाउने प्रयासमा सबै लाग्नुपर्नेमा जोड दिन्छन् । 'मानवीय चोला भनेको एकपटक पाउने चोला हो । मानिसले धर्तीमा रहँदासम्म राम्रो गर्नु, सबैको भलो गर्न र एउटा मानवले गर्नुपर्ने सबै खालका कर्म गर्नुपर्छ,' उनी भन्छन्, 'आफ्नो धर्म, नैतिकता, आचरण र व्यवहार सबैभन्दा स्वयं नै व्यक्ति खुसी हुनका लागि चाहिन्छ । संस्कारी मानिसले अरूलाई पनि खुसीसँग जिउन दिन्छ, त्यसैले अहिलेका बच्चाका अस्वाभाविक व्यवहार देख्दा चिन्ता लाग्छ ।'

पूर्वशिक्षक बलबहादुर रावलको पनि अहिलेका युवाप्रति त्यस्तै गुनासो छ । आफू युवा हुँदा समाजप्रति निकै जिम्मेवार रहेको बताउने उनी अहिलेका युवाले परिवर्तनका नाममा विकृत व्यवहार अँगाल्दै गएको उल्लेख गर्छन् । 'बालबालिका गलत बाटो अँगालेका देख्दा मन पोल्छ । विकृति जति सबै किशोरावस्थाबाटै अँगाल्दै आएको देखिन्छन्,' उनी भन्छन्, 'यस्ता व्यवहार न्यूनीकरण गर्न सरोकारवाला सबैको दायित्व हुन्छ । अब छोराछोरी राम्रा बनाउन जसले सक्छ त्यही मानिस भोलि सम्पन्न र खुसी हुने छ ।'

पूर्वशिक्षक रावल अभिभावकले बालबालिकालाई खेलका माध्यमबाट होस् या यस्तै सृजनात्मक क्रियाकलापमा व्यस्त बनाइराख्न जरुरी रहेको बताउँछन् । अहिलेका युवा पिढी देखेर सावित्रा रावल पनि अचम्मित हुन्छिन् । उनी अहिलेका युवायुवतीको आचरण र व्यवहार देखेर निकै चिन्तित छिन् । 'हाम्रा पालामा पढाइबाहेक घाँस दाउरा काट्ने, गाईवस्तु चराउने र बुबाआमाले भनेकोबाहेक अन्य कुनै पनि काम गर्न आँट आउँदैनथ्यो,' उनी भन्छिन्, 'अहिलेका युवाको व्यवहार र बानी देखेर डर लाग्छ । उनीहरू गलत क्रियाकलापमा संलग्न भएर आपराधिक कार्य गरिरहेका देखिन्छन् । बालबालिकालाई अभिभावकले नियन्त्रण गर्न सकेका छैनन् ।' समय सधैं स्थिर रहँदैन । समयसँगै आफूलाई परिवर्तन गर्नु स्वाभाविक हो तर परिवर्तनका नाममा संस्कार, संस्कृति, आचरण नैतिकता र अनुशासनजस्ता कुरा भुल्ने नहुनेमा बूढापाकाको जोड छ । *रासस*

## अधिकृत वारेसनामा वदर गरिएको

मोरङ जिल्ला सिसवनी–३ भई हाल सुनसरी जिल्ला गढी–१ बस्ने म हुलाई विश्वास अ.वा.दिने र भिम बहादुर थापाको नाति सन्त बहादुर थापाको छोरा उदयपुर जिल्ला बेलाका न.पा.–८ भई हाल मोरङ जिल्ला विराटनगर म.न.पा.–४ बस्ने मेघ बहादुर थापा अ.वा.लिने भई श्री मोरङ जिल्ला अदालतबाट मिति २०७८।०४।०७ मा रेणुका कट्वाल समेत उपर भूमि सुधार तथा मालपोत कार्यालय, सुनसरीमा मोही प्रमाण–पत्र पाउ भनी मुद्दा दायर गर्न तथा परि आउने मुद्दा मामिला गर्नको लागि मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ ) वमोजिम अ.वा.दिएको मा उक्त अ.वा.को कार्य म आफैले गर्ने भएको हुँदा उक्त अ.वा. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(ग) वमोजिम वदरका लागि प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित मिति देखि उक्त अधिकृत वारेसनामा वदर भएको जानकारी सम्बन्धित सबैलाई गराउँछु।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/११/१०

यस कम्पनीको मिति २०८०/०६/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वुमन एडभेन्चेर प्रा.लि. (प्रा.लि. नं. २५८५५४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०७/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वुमन एडभेन्चेर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/११/१०**

यस चिरौटे सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको खयर जातको गोलिया थान ११४ को २४४.९४ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री चिरौटे सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका–५ शक्तिपुर बर्दिया**

## अधिकृत वारेसनामा वदर गरिएको सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८०/११/१०**

का.जि.का.म.न.पा. वडा नं. २ उत्तरढोका वस्ने वर्ष ७० को म सुरेन्द्र मान शाक्य (ना.प्र. नं. ३३३२ मिति २०२५।१०।१७ (बागमती अन्चलाधीस) ले ललितपुर जिल्ला विशंखुनारायण वडा नं. १ को हाल परिवर्तित ऐ गोदावरी न.पा. वडा नं. २ बस्ने वर्ष ४१ को श्रीकृष्ण विष्ट (ना.प्र. नं. १००९२१ मिति २०५६।४।५ ललितपुर) लाई मेरा तर्फबाट मुद्दा मामिला गर्नका लागि ललितपुर जिल्ला अदालत बाट २०७५/१०/१७ गते अधिकृत वारेस मुकरर गरी आएकोमा मु.दे.का.सं. २०७४ को दफा १५५ (१) (घ) बमोजिम उल्लेखित अधिकृत वारेसनामा आजैका मिति देखि लागु हुने गरी बदर गरी दिएको सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरी दिएको छ ।

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/११/१०**

यस टेपरीताल सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको साल जातको बिभिन्न ग्रेडको गोलिया थान ८ को १६०.२५ घ.फि., असना जातको विभिन्न ग्रेडको गोलिया थान ६ को १०७.३० घ.फि., खयर जातको गोलिया थान २८९ को ३०१.५६ घ.फि. गोलिया काठ तथा उपरोक्त जातको मिश्रीत १.२५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ

**श्री टेपरीताल सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका–३ धनौरा बर्दिया**

## कम्पनी, उद्योग दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति: २०८०/११/०९**

कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको प्रा. लि. नं. ७९०४०/२०६७।०९।१८ को **गल्फा इम्प्लाईमेन्ट सर्भिसेज प्रा लि** को मिति २०८०।११।०७ गतेमा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनी संग कोही कसैलाई कुनै किसिमको लेनदेन वांकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा सर्म्पक गरी हकदावी गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको खारेजीको प्रकृया अगाडी बडाइ दर्ता खारेजी गरिने छ ।

**लिक्वीडेटर राधाकृष्ण भण्डारी**
**इजाजत पत्र नम्बर: ५७६**
**ठेगाना : बुढानिलकण्ठ .न.पा.०३, काठमाडौं**
**फोन नम्बर: ९८५१०८७८९७**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AHED ARIF BIN ZAID AL MUTAIRI GENERAL CONTRACTING ESTABLISHMENT**

पुर्व स्वीकृति मिति २०८०/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ | LT. No. 297171 | चलानी नं. ६०२१२१७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 4 | 0 | 1000 | ३६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **AREES NAJD FOUNDATION FOR PROVIDING MEALS**

पुर्व स्वीकृति मिति २०८०/०९/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ | LT. No. 297635 | चलानी नं. ६०२१२६१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HENRY TRADING CONTRACTING AND HOSPITALITY SERVICES**

पुर्व स्वीकृति मिति २०८०/०६ /२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ | LT No : 294032 | चलानी नं ६०२०९१८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder | 1 | 0 | 1100 | ४०,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Supervisor | 1 | 0 | 2500 | ९१,११० | | | | | | | |
| 3 | Secretary | 1 | 0 | 2100 | ७६,४४५ | | | | | | | |
| 4 | Mason | 3 | 0 | 1100 | ४०,०४५ | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९१,११० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

**CHANDANI MANAGEMENT SERVICES PVT. LTD.**
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :**IBRAHIM ABDULLAH AL-TAWYAN ELECTRICAL TOOLS EST.**

पूर्व स्वीकृति मिति २०८०/११/०८ | LT. No. 299944 | चलानी नं. ६०२१५२३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RAOUF DUSMOHAMUD & COMPANY LIMITED**

पूर्व स्वीकृति मिति २०८०/०६/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ | LT. No. 293980 | चलानी नं. ६०२०९१४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Electrician | 1 | 0 | 17000 | ४९,२२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Car Painter | 3 | 0 | 17000 | ४९,२२५ | | | | | | | |
| 3 | Car Panel Beater | 2 | 0 | 17000 | ४९,२२५ | | | | | | | |
| 4 | Engine Mechanic | 2 | 0 | 17000 | ४९,२२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Mobile: 9824327595, 9802762299, 9807089760,9808107471
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

## मधेश प्रदेश अन्तर्गतको सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लामा प्रस्तावित कमला-ढल्केबर-पथलैया सडक खण्ड (१३० कि.मि.) स्तरोन्नतिको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आव्हान गरिएको सार्वजनिक सूचना

*प्रकाशित मिति: २०८०।११।१०*

प्रस्तावक श्री सडक विभाग, विकास सहायता कार्यान्वय महाशाखाद्वारा मधेश प्रदेश अन्तर्गतको सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लामा प्रस्तावित कमला-ढल्केबर-पथलैया सडक खण्ड (१३० कि.मि.) स्तरोन्नतिको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदन प्राप्त भएको छ ।

प्रस्तावित कमला-ढल्केबर-पथलैया सडक खण्ड सिरहा जिल्लाको कमला नदी (महेन्द्र राजमार्गको चेनेज २३६+६९८) बाट सुरु भई बारा जिल्लाको पथलैया (महेन्द्र राजमार्गको चेनेज ३६६+७७३) मा अन्त्य हुनेछ । महेन्द्र राजमार्गको यो खण्ड मधेश प्रदेशका ६ जिल्ला भएर जानेछ, जसमा १५ नगरपालिका र १ उपमहानगरपालिका पर्ने देखिन्छ । हालको २ लेनबाट ४ लेनमा स्तरोन्नति साथै आवश्यकता अनुसार ७६ वटा साना तथा ठूला पुलहरूको स्तरोन्नति/निर्माण गरिने छ । प्रस्तावित सडकको क्षेत्राधिकार (Right of Way) ५० मि. (मध्य रेखाबाट दुवैतर्फ २५-२५ मि.) रहेको जसमा सडकको बीचमा ४ मि. को median र त्यस पछि दुवैतर्फ ०.५ मि. को kerb, ७ मि. को carriage way, २.५ मि. को paved shoulder र नाली निर्माण गरिने छ । मुख्य बस्ती क्षेत्रहरूमा दुवै तर्फ shoulder पछि ६.५ मि. को service road, २ मि. को साइकल ट्र्याक र ठाउँ अनुसार फुटपाथ र अन्य सुविधाहरू निर्माण गरिनेछ । सडकको design speed १०० कि.मि. प्रति घण्टा रहनेछ । प्रस्तावित सडकको स्तरोन्नतिको लागि आवश्यक जमिन सडक विभागको आफ्नै स्वामित्वमा रहेको देखिन्छ । आयोजनाले ६४ घरधुरीका जम्मा ६६ वटा संरचनाहरू साथै २१६ वटा सार्वजनिक/सामाजिक संरचनाहरू प्रत्यक्ष प्रभावित हुने देखिन्छ । वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ (६) वमोजिम यस प्रतिवेदनमा राय सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न मिल्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरूमा तथा यस मन्त्रालयको बेबसाइट www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय सुझावहरूलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिनभित्र आफ्नो लिखित रूपमा राय सुझाव निम्न ठेगानामा पठाई दिनुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू:**

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर ।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, किर्तिपुर, काठमाडौं ।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरवार, काठमाडौं ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, एकान्तकुना, ललितपुर/महाराजगंज, काठमाडौं ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सिरहा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, धनुषा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरी ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सर्लाही ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, रौतहट ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, बारा ।
श्री कर्जन्हा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय सिरहा ।
श्री गणेशमान चारनाथ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, धनुषा ।
श्री धनुषाधाम नगरपालिका, नगरकार्यपालिकाको कार्यालय धनुषा ।
श्री मिथिला नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, धनुषा ।
श्री बर्दिबास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, महोत्तरी ।
श्री गौशाला नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, महोत्तरी ।
श्री ईश्वरपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सर्लाही ।
श्री लालबन्दी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सर्लाही ।
श्री हरिवन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सर्लाही ।
श्री बागमती नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सर्लाही ।
श्री बृन्दावन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रौतहट ।
श्री चन्द्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रौतहट ।
श्री गुजरा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रौतहट ।
श्री निजगढ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बारा ।
श्री कोल्हवी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बारा ।
श्री जीतपुर सिमरा उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बारा ।

**राय सुझाव पठाउने ठेगाना**

वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव अध्ययन शाखा,
सिंहदरबार, काठमाडौं ।
फोन नं. ०१-४२११५६७, ४२११९४६ फ्याक्स नं. ०१-४२११८६८
www.mofe.gov.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SUBWAY**

पूर्व स्वीकृति मिति २०८०/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ | LT. No. 292139 | चलानी नं. ६०२०७३३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1500 | ५४,५५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 3 | 16 | 1500 | ५४,५५५ | | | | | | | |

कम्पनी :**CITIZEN CONTRACTING CLEANING AND SERVICES**

पूर्व स्वीकृति मिति २०८०/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ | LT. No. 291780 | चलानी नं. ६०२०७०३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 11 | 0 | 2500 | ९०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 1 | 0 | 4000 | १४५,४८० | | | | | | | |
| 3 | Data Entry | 9 | 22 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 3000 | २१६,०५० | | | | | | | |
| 5 | General Clean Worker | 0 | 4 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | Labour | 1 | 0 | 6000 | २१८,२२१ | | | | | | | |
| 7 | Manager Variety | 2 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 8 | Marketing Represent | 8 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Painter | 4 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 10 | Representative | 3 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 11 | Sales Supervisor | 4 | 0 | 1200 | ४३,६४४ | | | | | | | |
| 12 | Salesman | 1 | 0 | 3500 | १२७,२९५ | | | | | | | |
| 13 | Supervisior | 0 | 2 | 1500 | ५४,५५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CHARGERY GENERAL TRADING**

पुर्व स्वीकृति मिति : २०८०/११/०९ | LT. No. 300323 | चलानी नं. ६०२१५२४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 2 | 2 | 120 | ४२,२१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Worker | 2 | 2 | 100 | ३५,१७५ | | | | | | | |

कम्पनी : **KHALID STYLE TRADING**

पुर्व स्वीकृति मिति : २०८०/११/०९ | LT. No. 300322 | चलानी नं. ६०२१५२४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 1 | 3 | 120 | ४२,२१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Worker | 1 | 3 | 100 | ३५,१७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1365/074/75

**GREEN LIGHT OVERSEAS PVT. LTD**
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

# प्रभाव दैनिक

रूपशाला


## 'रंगेली'को ट्रेलर रिलिज

फागुन २५ गते महाशिवरात्रिको दिनमा रिलिज हुने चलचित्र 'रङ्गेली' को ट्रेलर रिलिज गरिएको छ । बुधवार काठमाडौंमा एक कार्यक्रमका बिच रिलिज गरिएको ट्रेलरमा 'डर र शक्तिको खेल' को दृश्य देखाइएको छ । चलचित्रका प्रमुख कलाकार सबै अटेको ट्रेलरले तराई क्षेत्रमा घटेका विविध घटनाहरु र आयामहरूलाई दृश्य मार्फत देखाउने कोसिस गरेको छ । कार्यक्रममा फिल्मका लेखक तथा निर्देशक अर्जुन सुवेदी 'रङ्गेली' दर्शकले चाहेका जस्तो चलचित्र बनाउने कोसिस गरेका बताए ।




बिहीबार १०, फागुन २०८० (Thursday, February 22, 2024)


# संगीतकार संघ नेपालको केन्द्रीय सचिवमा थापा



■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित संगीतकार शंकर थापा 'स्माइल' संगीतकार संघ नेपालको केन्द्रीय सचिव पदमा मनोनित भएका छन् । राजधानीमा सम्पन्न संस्थाको १२ औं साधारण सभाबाट थापा सर्वसम्मत निर्णयबाट सचिव पदमा मनोनित भएका हुन् ।

सचिव पदमा मनोनित भए लगत्तै थापाले संगीतकार संघको कार्यलयमा पद तथा गोपनियताको सपथ लिनुका साथै कार्यभार ग्रहण गरेका छन् । उनलाई संघका अध्यक्ष चेतन सापकोटा, महासचिव बसन्त सापकोटा, कोषध्यक्ष राजेश थापा लगायतका पदाधीकारीहरूले स्वागत गरेका थिए ।

गत वर्ष सम्पन्न निर्वाचनमा थापा कार्यसमिति सदस्य पदमा निर्वाचित भएका थिए । सदस्य पदमा रहेर थापाले संस्थाको बृहत्तर हितका लागि बिभिन्न कार्यक्रममा नेतृत्वदायी भूमिका निर्वाह गरेका कारण उनलाई सचिव पदमा सर्वसम्मतीले मनोनयन गरेको अध्यक्ष सापकोटाले जानकारी दिएका छन् । थापाले संस्थामा रहेर बिभिन्न संगीतकर्मीहरूको उपचारार्थ सहयोग जुटाउने, कल्याणकारी कोष बृद्धिका भएका कार्यक्रममा सक्रिय सहभागिता जनाउने, संगीतकर्मीहरूको पेशागत हक, हित तथा बौद्धिक अधिकार संरक्षणका लागि बिभिन्न सचेतना तथा अर्न्तक्रिया कार्यक्रम गर्ने जस्ता काम गरेका थिए ।

सचिव पदको पदभार ग्रहण गरेपछि संगीतकार थापाले सम्पूर्ण संगीतकर्मीहरूले आफुमाथी गरेको बिश्वासका प्रति आभार ब्यक्त गरेका छन् । उनले सर्वसम्मतीले सचिव पदमा मनोनित हुन पाउनुले थप जिम्मेवारी बढेको बताएका छन् । उनले आगामी दिनका संगीतकारहरूको पक्षमा आफु थप शशक्त रूपमा प्रतिवद्ध भइ लाग्ने समेत प्रतिवद्धता जनाएका छन् ।

सोही सभाले संगीतकार योगेन्द्र उपाध्याय निरौलालाई सदस्य पदमा मनोनयन गरेको छ । संगीतकार उपाध्यायले पनि सोमबार नै पदतथा गोपनियताको सपथ लिनुका साथै पदभार ग्रहण गरेका छन् ।

# काठमाडौंमा झल्कियो खोटाङ

■ केदार मगर



**काठमाडौं–** काभ्रेपलाञ्चाककी रोजिना तामाङ खोटाङ पुग्न पाएकी छैनन् । तर उनले सोमबारदेखि काठमाडौं बबरमहलस्थित नेपाल कला परिषद्मा सञ्चालित चित्रकलामार्फत खोटाङबारे निजकबाट नियाल्न मौका पाइन् । काठमाडौंको एक विद्यालयमा कक्षा-१२ मा अध्ययनरत तामाङ 'मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी'मार्फत राखिएका खोटाङका धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलबारे जानकारी लिइन् ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले यही फागुन ५ गतेदेखि आयोजना गरेको प्रदर्शनीमा आएकी रोजिनाले भनिन्, 'मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनीमा राखिएका क्यानभास चित्रहरू काठमाडौँमै बसेर अवलोकन गर्न पाउँदा सिंगो खोटाङ कस्तो रहेछ भन्ने थोरै भए पनि जानकारी लिन पाइयो । चित्रकला हेरेपछि खोटाङ मेरो घुम्नै पर्ने सूचीमा परेको छ । त्यहाँ पुगेर धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलहरू घुम्ने छु ।'

काठमाडौँको एक क्याम्पसमा बीबीए पढ्दै गरेकी अर्घाखाँचीकी कुसुम श्रेष्ठ पनि सोही चित्रकला प्रदर्शनीमै भेटिइन् । 'चित्रकला प्रदर्शनीमा सिंगो खोटाङको रूप झल्किएको पाएँ । अर्घाखाँचीको मान्छेलाई काठमाडौँमै बसेर खोटाङको धर्म, संस्कार, संस्कृति र परम्पराबारेमा चित्रकलामार्फत जानकारी लिने अवसर मिल्यो । यो कार्यक्रमले खोटाङलाई चिन्नलाई सहयोग गरेको महसुस गरेकी छु ।'

भक्तपुर बस्ने धनगढीका गणेश कडाल पनि श्रीमति र बच्चासहित चित्रकला अवलोकनका लागि आएका थिए । चित्रकलाको प्रसंशा गर्दै यसबाट खोटाङको सस्कृति र परम्परा बुझाउने प्रयास गरिएको बताए ।

राष्ट्रपति रामचन्द्र पौडेलले क्यानभासमा चित्र कोरेर उद्घाटन गरेको मुन्दुम अन्तर ाष्ट्रिय चित्रकला प्रदर्शनी कार्यक्रममा रोजिना, कुसुम र गणेशजस्तै दैनिक करिब पाँच सयले चित्रकला अवलोकन गर्दै आएका छन् ।

दिक्तेलको धार्मिक तथा ऐतिहासिकस्थल मझुवागढी, भवनगैरा, हाटडाँडा, शफ्धर शाख्वाचोक, शुभम् फाउण्डेसन र जालपा पुगेर ख्यातिप्राप्त चित्रकारले प्रत्यक्षरूपमा उतारेका क्यानभास चित्रलाई प्रदर्शनीमा राखिएको छ । दिक्तेलमा गत असोज-१७ गतेदेखि २१ गतेसम्मा आयोजना गरिएको 'चित्रकला कार्यशाला तथा प्रदर्शनी'मा सहभागी नेपालसहित अष्ट्रेलिया, बंगलादेश, भुटान, चीन, जापान, इजिप्ट, भारत, लातभिया, लिथुआनिया, दक्षिण कोरिया, अमेरिका, युक्रेन र भियतनामका चित्रकारसहित विभिन्न ५० देशका ख्यातिप्राप्त चित्रकारले क्यानभासमा उतारेका दुई सय १० वटा चित्रलाई संकलन गरेर प्रदर्शनीमा राखिएको आयोजकले जनाएको छ । देश तथा विदेशमा समेत ख्यातिप्राप्त चित्रकारहरूले खोटाङको धार्मिक तथा पर्यटकीयस्थलहरू त्रिधार्मिकस्थल हलेसी, जन्तेढुंगा, भुलभुले दूधकुण्डलगायतका ठाउँको क्यानभास चित्र उतारेका छन् ।

धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलहरूका साथै जिल्लाको भौतिक विकास तथा धर्म, संस्कार, संस्कृति र रहनसहनबारेमा चित्रकारहरूले क्यानभासमा उतारेका चित्रलाई प्रदर्शनीमा राखिएको हो । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी कार्यक्रम आयोजना गरेर इतिहास निर्माण गरेको चित्रकार के के कर्माचार्यले बताएका छन् । 'प्रदर्शनीमा राखिएका क्यानभास चित्रहरू ऐतिहासिक छन् । यो नगरपालिकाको सम्पत्ति हो । यस्तो कार्यक्रम अहिलेसम्म कसैले गरेका छैनन्,' नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका निवर्तमान कुलपतिसमेत रहेका उनले भने, 'चित्रकला कलामध्येका एउटा अद्भूत कला हो । यसलाई जसले जसरी अर्थ्याउन पनि सक्छन् । क्यानभास चित्रलाई युगौँयुगसम्म राख्न सकिन्छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले विश्वका ख्यातिप्राप्त चित्रकारको चित्र संकलन गर्न सफल भएको छ । यो ऐतिहासिक कार्य हो । यसले नगरपालिकालाई विश्वभर परिचित गराएको छ ।'

चित्रकार कर्माचार्यको अमूर्त क्यानभास चित्रहरूसमेत प्रदर्शनीमा राखिएका छन् । अमेरिकाकी चित्रकार एवम् प्रोफेसर जोय वल्फ, लातभियाकी चित्रकार आन्दा पैकाने, नेपाली चित्रकारहरू रतनकुमार राई, विजय थापालगायत ५० देशका चित्रकारले क्यानभासमा उतारेर प्रदर्शनीमा राखिएका चित्रहरूलाई खोटाङमै बोलाएर जिल्लाका दशवटै स्थानीय तहका धार्मिक, ऐतिहासिक एवम् पर्यटकीयस्थलहरू तथा धर्म, संस्कार, संस्कृति, परम्परा र रहनसहनलाई क्यानभासमा उतार्न लगाइएको थियो ।

संसारभर छरिएर रहेका खोटांगे मनलाई एउटै थलोमा जोड्ने र चित्रकलाको माध्यमबाट खोटाङ र सिंगो नेपाललाई विश्वमाझ परिचय गराउँदै पर्यटन प्रवर्द्धन र आर्थिक समृद्धिमा जोड्ने लक्ष्यका साथ धनु आर्ट स्टुडियोसँगको सहकार्यमा 'मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी' कार्यक्रम आयोजना गरिएको नगर प्रमुख तीर्थराज भट्टराईले बताएका छन् ।

स्वदेश तथा विदेशबाट आएका ख्यातिप्राप्त चित्रकारले उतारेका क्यानभास चित्रमा समग्र खोटाङको तस्वीर झल्किएको प्रतिनिधिसभा सदस्य एवम् कोशी प्रदेशका पूर्वमन्त्री रामकुमार राईले बताएका छन् । 'चित्रकला कार्यशाला तथा कला प्रदर्शनी कार्यक्रमले नगरपालिकाको मात्र नभइ समग्र खोटाङको ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थलहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा परिचित गराउँदै यहाँको सँस्कृति, सभ्यता, धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा टेवा पुगेको छ,' उनले भने, 'नेपालसहित १४ देशबाट आएका ख्यातिप्राप्त चित्रकारहरूले समग्र खोटाङको चित्र कोरेका छन् । यसमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका सफल भएको छ ।'

स्वदेश तथा विदेशका ख्यातिप्राप्त चित्रकारले जिल्लाका विभिन्न ठाउँमा बसेर क्यानभासमा उतारेका प्रत्यक्ष क्यानभास चित्रलाई प्रदर्शनी कार्यक्रम सकिएपछि पुनः दिक्तेल लगेर संग्रहालयमा राख्ने तयारी गरिएको नगर उपप्रमुख विशन राईले बताएका छन् । 'स्वदेश तथा विदेशका ख्यातिप्राप्त चित्रकारले उतारेका चित्रहरू हाम्रो नगरपालिकाको सम्पत्ति हो । यी चित्रहरूलाई नगरपालिकाको आम्दानीको आन्तरिक स्रोत बनाउने योजना छ,' उनले भने । *रासस*

## रंगशाला

### विश्वकप क्रिकेट लिग-२

# नेपाल नामिबियासँग फेरि पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत नामिबिया र नेदरल्यान्ड्स सम्मिलित त्रिकोणात्मक शृंखलाको आफ्नो तेस्रो खेलमा नेपाल नामिबियासँग दुई विकेटले पराजित भएको छ ।

नेपालले जितको लागि दिएको एक सय ६९ रनको मध्यम लक्ष्य नामिबियाले ४० ओभरमा आठ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो । नामिबियाको जितमा जेराल्ड एरास्मसले सर्वाधिक ५२ रनको योगदान दिए । उनले ५७ बल खेल्दै आठ चौका र दुई छक्काको सहायताले सर्वाधिक ५२ रनको योगदान गरेका हुन् । त्यसैगरी जेजे स्मिथले अविजित ३४ रन बनाउँदा माइकल भान लिंगेनले ३१ रन बनाए । त्यस्तै रुबेन ट्रम्पलम्यानले १६ रन बनाउँदा बर्नार्ड स्कोलज र निको डाभिनले समान ८/८ रन जोडे ।

बलिङतर्फ नेपालका कुशल भुर्तेलले तीन विकेट लिए भने कप्तान रोहितकुमार पौडेल, दीपेन्द्रसिंह ऐरी, ललित राजबंशी र कुशल मल्लले समान एक एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ३७ दशमलव १ ओभरमै सबै विकेट गुमाएर एक सय ६८ रनको योगफल बनाएको थियो । नेपालका लागि आशिफ शेखले सर्वाधिक ५८ रनको योगदान दिए । उनले ६४ बलमा आठ चौका र एक छक्काको मद्दतमा ५८ रनको योगदान दिएका हुन ।

त्यस्तै कुशल मल्ल ३८, भीम सार्की २६, कुशल भुर्तेल १८ तथा करण केसीले १२ रन बनाए । त्यस्तै नेपालका कप्तान रोहित पौडेल, अनिल साह र देव खनाल रनको खाता नै नखोली आउट भए । बलिङतर्फ नामिबियाका बर्नार्ड स्कोल्ज र निकोल लोफ्टि-इटनले समान चार चार विकेट लिए भने ज्याक ब्रेसल र जेराल्ड एरास्मसले समान एक/एक विकेट लिए ।

नेपालको नामिबियासँगको यो दोस्रो हार हो । यसअघि भएको पहिलो खेलमा नेपाल नामिबियासँग चार विकेटले पराजित भएको थियो । त्यसपछि नेपालले दोस्रो खेलमा नेदरल्यान्ड्समाथि ९ विकेटको जित हात पारेको थियो । यस जितसँगै नामिबियाले चार अंक जोडेको छ भने नेपालको दुई अंक छ ।

# सूर्य नेपाल वेस्टर्न ओपनको पहिलो दिन भुवनलाई अग्रता

**पोखरा (प्रस)–** सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको चौंथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपनको पहिलो दिन भुवन नगरकोटीले एक स्ट्रोकको अग्रता बनाएका छन् ।

पोखरास्थित पार-६९ को हिमालयन गल्फ क्लबमा पूर्व नम्बर एक प्रो भुवन ३-अण्डर ६६ को स्कोरमा शीर्ष स्थानमा रहेका हुन । एमेच्योर खेलाडी सदभाव आचार्य २-अण्डर ६७ मा खेल सकाउँदै दोस्रो स्थानमा रहे । रवि खड्का र निरज तामाङले इभन-पार ६९ को स्कोरमा तश्रो स्थान बाँडे ।

१-ओभर ७० सहित धन बहादुर थापा पाँचौ स्थानमा रहँदा दीपक आचार्य र टंक बहादुर कार्की २-ओभर ७१ सहित संयुक्त रूपमा छैटौं स्थानमा रहे । बलभद्र राई, भुवन कुमार रोक्का, दीपक मगर, दिनेश प्रजापति तथा एमेच्योर सुन्दर राई ३-ओभर ७२ को स्कोरमा संयुक्त रूपमा आठौं स्थानमा रहेका छन् ।

लिडर भुवनले दोस्रो होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाईनमा १-अण्डर ३३ मा पुरा गरे । यस पछि तीन बर्डी खेलेका उनले एक बोगी खेप्दा ब्याक नाईन २-अण्डर ३५ मा सकाए । काठमाडौं बाहिर हुने दुई प्रतियोगिता मध्ये एक, सूर्य नेपाल वेस्टर्न ओपनमा ३५ प्रोफेसनल र १५ एमेच्योर खेलाडीको सहभागीता रहेको छ ।


## Changunarayan Municipality
## Office of the Municipality Executive
Kharipati, Bhaktapur
Bagmati, Nepal

### INVITATION FOR BIDS

Date of publication: 2080/11/10

1. Changunarayan Municipality, office of the Municipal Executive, Kharipati, and Bhaktapur invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. Bidder may e-submission from PPMO's Website **www.bolpatra.gov.np/egp**,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of Office: Changunarayan Municipality, Kharipati, Bhaktapur
   Name of the Bank: Prabhu Bank Ltd. Bhaktapur Branch
   Rajaswa (revenue) Shirshak no. u — 1.1: **0220150321500018**
3. Information to Deposit the Bid Security Amount in Bank:
   Name of Office: Changunarayan Municipality, Kharipati, Bhaktapur
   Name of the Bank: Prabhu Bank Ltd. Bhaktapur Branch
   Dharauti (Deposite) Account no. u — 3.0: **0220150321500115**
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Bidders can bid as a single contractor or in the form of joint venture of maximum of three contracting firms.
6. Bidders are advised to visit the site and assess the actual site condition before submitting the bids at their own cost.
7. Changunarayan Municipality Reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to Contract award, without thereby incurring any liability to Bidders.
8. Any additional matters not covered by this shall be in accordance with the prevailing Procurement Act 2063 and Procurement Regulation 2064 of the GON.

| S. n | Contract No | Description of work | Estimate Amount (without VAT & P.S) | Bid Security Amount | Bid Validity period (days) | Payment of Non Refundable Amount | Bid submission date, time and place | Bid opening date, time and place |
|---|---|---|---|---|---|---|---|---|
| 1 | CM/08/ 080/81/01 | Kamalpokhari lakila thali Jyotirlingeshwor dadagau tasi tole hudai Bhaktapur nagarpalika jodne sadak cha na pa 3 | 84,51,058.45 | 2,80,000.00 | 90days / 120 days from last date of bid submission | 3000.00 | before 12.00 hour on 2080/12/13 at the office of Changunarayan Municipality, Kharipati. | after 13.00 hour on 2080/12/13 at the office of Changunarayan Municipality, Kharipati. |

**Chief Administrative Officer**

# युरोपको ग्यास माग १० वर्षकै न्यून

**पेरिस-** युक्रेनमा रुसले आक्रमण गरेपछि युरोपले आफ्नो ग्यासको मागमा २० प्रतिशतले कटौती गरेको र नवीकरणीय ऊर्जा तथा दक्षता वृद्धिका कारण तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) को माग आगामी वर्ष उच्च हुने बुधबार प्रकाशित एक अध्ययनमा उल्लेख छ।

सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमा गरेको आक्रमणले युरोपेली मुलुकहरूले पाइपलाइनमार्फत वितरित रुसी प्राकृतिक ग्यासबाट ठूलो परिवर्तन ल्याए । यसमा उनीहरूले सीमित आपूर्तिका लागि अन्तर्राष्ट्रिय बजारहरूमा प्रतिस्पर्धा गर्दा एलएनजीको मूल्य बढ्यो ।

सीमित संख्यामा आयात टर्मिनलहरूका साथ युरोपेली मुलुकहरू उपभोगलाई नियन्त्रण गर्नका लागि उपायहरू लिन बाध्य भए तर उनीहरूले आवासीय हिटिङ वा बिजुली उत्पादनमा कटौती नगरी सन् २०२२-२०२३ को जाडोमा यसबाट पार पाए ।

रुसी आक्रमण सुरू भएदेखि नै मुख्यरूपमा जर्मनी, इटाली र बेलायतले चलाएको युरोपेली ग्यासको मागमा २० प्रतिशतले कमी आएको इन्स्टिच्युट फर इनर्जी इकोनमिक्स एन्ड फाइनान्सियल एनालिसिस (आइइइएफए) ले बताएको छ । यसले ऊर्जा दक्षता तथा माग व्यवस्थापन उपायहरू, मागमा उच्च मूल्यको प्रभावका साथै हल्का जाडोको तापक्रममा गिरावटलाई कम गरिदियो ।

'युरोपले ऊर्जा संकटलाई सफलतापूर्वक पार गरेको छ र ग्यासको उपयोगमा अंकुश लगाउन स्वयंलाई तयार गरेको छ, यसको श्रेय दक्षता उपायहरू र नवीकरणीय ऊर्जा स्रोतहरूको प्रयोगलाई जान्छ,' आइइइएफएले भनेको छ ।

सौर्य र वायुको थप परिचालन, घरेलु हिटिङका लागि ग्यास बोयलरबाट हिट पम्पमा स्वीच र अतिरिक्त दक्षता उपायहरूको अर्थ सन् २०२५ मा एलएनजीको माग उच्च हुने छ ।

ऊर्जा बजार र नीतिहरूसँग सम्बन्धित मुद्दाको अध्ययन गर्ने अन्तर्राष्ट्रिय समूहले सन् २०२३ मा आयात स्थिर रहेको र आगामी वर्ष माग उच्च हुने सम्भावना भए पनि एलएनजी टर्मिनल निर्माणको हतार जारी रहेको बताएको छ । सन् २०२२ फेब्रुअरीमा आठ टर्मिनल सञ्चालनको तुलनामा सन् २०३० सम्म १३ वटा टर्मिनल सञ्चालन हुने अपेक्षा गरिएको छ । आइइइएफएले दशकको अन्त्यसम्ममा आयात क्षमता एलएनजी मागभन्दा तीन गुणा हुने जोखिममा रहेको बताएको छ ।

आइइइएफएले रुसी एलएनजीले रुसी ग्यासको एक हिस्सालाई प्रतिस्थापन गरेको बताएको छ । रुसी एलएनजीलाई युरोपले पाइपलाइनमार्फत आयात गरिरहेको थियो । सन् २०२१ र सन् २०२३ को बीचमा रुसी एलएनजी आयातमा ११ प्रतिशतले वृद्धि भएको छ । यद्यपि अमेरिकाले एलएनजी आयातमा प्रभूत्व जमाएको छ । यसबाट नयाँ निर्भरता सिर्जना हुने खतरा छ ।

'एउटा स्रोतमा धेरै निर्भर गरेर ऊर्जा आपूर्तिको सुरक्षालाई जोखिममा पार्ने खतराहरू अनुभव गरिसकेपछि युरोपले आफ्ना विगतका गल्तीहरूबाट पाठ सिक्नुपर्छ र गत वर्ष आफ्नो एलएनजी आयातको करिब आधा लाभ हासिल गरेको अमेरिकामा अधिक निर्भर हुनबाट जोगिनुपर्छ,' आइइइएफएका प्रमुख युरोप विश्लेषक मारिया जाल्लर-मकारेभिचले भने । *रासस/एएफपी*

# भारतीय किसान पुनः आन्दोलनमा

**पटियाला (भारत)-** बालीको उच्च मागमा सरकारसँग सम्झौता गर्न असफल भएपछि ट्र्याक्टरमा सवार हजारौं किसान बुधबार नयाँदिल्लीतर्फ जानका लागि फेरि तयार भएका छन् ।

विरोध प्रदर्शनले राजधानीमा राजमार्गहरूको वर्षभरिको घेराबन्दीलाई सफलतापूर्वक दोहोऱ्याउने आशा गरिएको छ । उक्त विरोध प्रदर्शनले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारमाथि सन् २०२१ मा आफ्नो कृषि सुधार योजनाहरूलाई त्याग्न दबाब दिएको थियो ।

प्रहरीले गत सातादेखि नै शम्भूको सानो गाउँनजिकै उनीहरूको गन्तव्यको उत्तरमा धेरै घण्टाको दूरीमा कृषि मेसिनरीमा किसानहरूको एक माइल लामो स्तम्भलाई रोकेर राखेको छ । प्रदर्शनकारीहरूले अश्रु ग्यासको ब्यारेजहरू प्रयोग गरेर उनीहरूलाई तितरबितर गर्ने प्रयासलाई विफल बनाएका छन् र उनीहरूको प्रगति रोक्नका लागि धातु स्पाइकहरू र कंक्रिट बेरिकेड्सको डरलाग्दो नाकाबन्दी पार गर्ने वाचा गरेका छन् ।

'हामी अवरोधहरू तोड्नेछौं भन्ने तपाईंलाई आश्वासन दिन्छौं,' ४५ वर्षीय किसान जगमोहन सिंहले एएफपीलाई भन्नुभयो, 'एकपटक हामीले यो अवरोधलाई तोडेपछि दिल्लीमा मात्र रोकिनेछौं ।'

किसान युनियनहरूले चामल, गहुँलगायत प्रमुख खाद्यान्नका लागि पहिलेदेखि नै रहेको सरकारी योजनालाई विस्तार गर्दै सबै बालीमाथि न्यूनतम मूल्य निर्धारण गर्नका लागि कानुन बनाउन माग गरिरहेका छन् । उनीहरूले ६० वर्ष वा त्योभन्दा बढी उमेरका किसानका लागि ऋण मिनाहा र विश्वव्यापी पेन्सनसहित अन्य छुटको पनि माग गरेका छन् ।

सरकारका मन्त्रीहरू र युनियनहरूबीच वार्ताको परिणामको प्रतीक्षा गर्नका लागि प्रदर्शनकारीहरूले गत साता दिल्लीमा आफ्नो जुलुसलाई अस्थायीरूपमा रोकेका थिए । यद्यपि धेरै चरणको वार्ता कुनै नतिजामा पुग्न असफल भएको छ ।

फार्म लियर जगजीत सिंह दल्लेवालले सोमबार राति प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) लाई केही तर सबै बालीका लागि मूल्यको ग्यारेन्टी विस्तार गर्ने पछिल्लो सरकारी प्रस्ताव 'किसानको हितमा नभएको' बताए ।

भारतको एक अर्ब ४० करोड जनसंख्यामा दुईतिहाइ मानिस कृषिबाट आफ्नो जीविका चलाउँछन्। यो मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी) को करिब पाँच भागको एक भाग हो । यद्यपि पछिल्ला केही दशकदेखि कृषि आम्दानी धेरै हदसम्म स्थिर बनेको छ र यो क्षेत्रलाई लगानी र आधुनिकीकरणको नितान्त आवश्यकता छ ।

गरिबी, ऋण र जलवायु परिवर्तनले लगातार खराब मौसमी अवस्थाबाट प्रभावित बालीका कारण प्रत्येक वर्ष हजारौं भारतीय किसानले आत्महत्या गर्छन् । आफ्नो विशाल संख्याका कारण किसानहरूको राजनीतिक प्रभाव छ र अप्रिलमा सुरू हुने राष्ट्रिय निर्वाचनअघि नयाँ सिराबाट विरोध प्रदर्शन हुँदै छ ।

सन् २०२० नोभेम्बरमा कृषि सुधार कानुनविरुद्धको अभियानमा हजारौं किसानले एक वर्षभन्दा लामो समयसम्म दिल्लको सडकलाई घेरेका थिए । किसानको विरोधका कारण मोदी सरकार पछि हट्नुपऱ्यो र उसले एक वर्षपछि कानुनलाई निलम्बन गर्नुपऱ्यो । *रासस/एएफपी*

# तापक्रम घटेपछि चीनमा उच्च मौसमी चेतावनी जारी

**बेइजिङ-** चीनको दक्षिणी भागमा तापक्रम घटेपछि र बेइजिङमा हिउँ परेपछि बुधबार गम्भीर मौसमी चेतावनी दिइएको छ ।

अधिकारीहरूले मुलुकको त्रिस्तरीय प्रणालीमा सबैभन्दा उच्च रहेको अरेञ्ज चेतावनी जारी गरेका छन् । यसले दक्षिणमा औसत तापक्रम शुक्रबार छदेखि १२ डिग्री सेल्सियससम्म घट्न सक्ने चेतावनी दिएको छ । राष्ट्रिय मौसम विज्ञान केन्द्र (एनएमसी) ले केही क्षेत्रमा तापक्रम २० डिग्री सेल्सियसभन्दा धेरैले घट्नसक्ने सामाजिक सञ्जालमा बताएको छ ।

सरकारी समाचार समिति सिन्ह्वाले एनएमसीले स्थानीय सरकारहरूसँग चिसो मौसमप्रति सावधानी अपनाउन आह्वान गरेको, जनतालाई न्यानोमा बस्न सल्लाह दिएको र बाली र जलीय उत्पादनको सुरक्षाका लागि आवश्यक उपाय गर्न आग्रह गरेको बताएको छ ।

बुधबार तापक्रम शून्यको नजिक रहेको बेइजिङमा रातभर हिमपात भएको छ । मानिसहरूले बिहान उठ्दा राजधानी सेतो रङले ढाकिएको देखेका थिए । सहरका राजमार्गहरूमा यातायात सुस्त भएको छ भने यात्री र साइकल चालकका लागि हिउँले भरिएका फुटपाथ जोखिमपूर्ण भएका छन् ।

नगरपालिकाका अधिकारीहरूले केही उपनगरीय क्षेत्रमा ४.१ सेन्टिमिटरसम्म हिमापात भएको बताएका छन् । उनीहरूले हिउँ परेका सडकहरूमा चेतावनी जारी गरेका छन् । *रासस/एएफपी*

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELITE BRIGHT CLEANING SERVICES

पूर्व स्वीकृति मिति: २०८०/०१/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ | LT. No. 285785 | चलानी नं. ६०२०१३७४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 0 | 1 | 900 | ३२,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Entry Clerk | 1 | 0 | 900 | ३२,१३० | | | | | | | |
| 3 | Purchasing Representative | 2 | 0 | 900 | ३२,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/065/066

**IMPERIAL OVERSEAS PVT. LTD.**

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०९/२७ गते का.जि.का.म.न.पा. वडा नं. ३२, जडिबुटी स्थित सडकखण्डमा पार्किङ गरिराखेको अवस्थामा 160 cc NBS VI कालो रंगको मोटरसाइकल साझको अन्दाजी ४:०० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

कम्पनीको नाम : हुलास फिन सर्भ लिमिटेड
ऋणीको नाम : कञ्चन कार्की
बाइक नं.: बा .प्र.०२-०४४ प ७३९४
च्यासिस नं.: MD2B54DX2PCA93813
इन्जिन नं. : PDXCPA64010
ठेगाना: काठमाडौं ३२, जडिबुटी
सम्पर्क: ९७०४२३२१८२

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASSER AL TAMAYOZ FURNITURE FOUNDATION

पूर्व स्वीकृति मिति २०८०/११/०९ | LT. No. 300331 | चलानी नं. ६०२१५२७८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Office And Facilities Cleaning Worker | 3 | 0 | 1200 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ELITE GURKHAS OVERSEAS (P) Ltd.
श्रम ईजाजत नं.५३५/०६१/०६२

**Elite Gurkhas Overseas Pvt. Ltd.**

Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1-4975566, 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GT-MAX PLASTIC INDUSTRIES (M) SB

पूर्व स्वीकृति मिति: २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ | LT. 295378 | चलानी नं. ६०२१०५५७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६१९/०७९/८०

**ALLIED INTERNATIONAL MANPOWER PVT.LTD.**

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4593648
Email: alliedintl1619@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : F&N DAIRIES MANUFACTURING SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०९ | LT No : 273542 | चलानी नं ६०१८९८५९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 124 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८५/०५९/०६०

**B.M. Overseas Pvt. Ltd.**

Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com

## युएईमा रोजगारको अवसर

कम्पनी : CENTRAL HYPERMARKET L.L.C.

पूर्व स्वीकृति मिति २०८०/११/०९ | LT No.300309 | चलानी नं. ६०२१५२३८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cashier | 0 | 15 | 1500 | ५४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Inspire International Employment Pvt. Ltd.

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**

Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/११/१०

यस कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मूल्याङकन गर्दा तपसिलको बोलपत्र न्यूनतम मूल्याङकित सारभुत रूपमा प्रभावग्राही भई मूल्याङन समितिबाट स्वीकृतको लागि सिफारिस भए बमोजिम सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ (२) अनुसार तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | ठेक्का नम्बर | योजनाको नाम | छनौटको लागी सिफारिस भएको बोलपत्रदाता | बोल कबोल अंक (रू) (भ्याट समेत) |
|---|---|---|---|---|
| १ | ५/२०८०/२०८१ | वडा कार्यालय भवन निर्माण वालिङ-२ । | जे.एन.एस. विल्डर्स एण्ड सप्लायर्स प्रा.ली./ ६१०२२३८८० | १,०२,१३,८४४।०१ |

प्रमुख प्रशासकीय अधिकृत

## नेपाल सरकार
## खानेपानी मन्त्रालय
## खानेपानी तथा ढल व्यवस्थापन विभाग
## संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना

धनगढी, कैलाली

### प्राविधिक प्रस्ताव छनौट सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८०/११/१०**

उपरोक्त विषयमा यस आयोजना अन्तर्गत तपसिलको आयोजनाको लागि ww.bolpatra.gov.np को Egp system मा Submission भएका निम्नानुसार बोलपत्रहरुको प्राविधिक प्रस्तावहरुको मुल्यांकन हुदा तपसिल अनुसारका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ ङ ४ र ५ बमोजिम तपसिलको मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएको हुदा संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना प्रकाशित मिति | आयोजनाको नाम | ठेक्का संकेत नं. | सारभुतरुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|
| २०८०।१०।०५ प्रभाव दैनिक | Construction of Gairagaun Kandamandau Silgadhi Water Supply Project | 01/2080/081/ WSP/FWSSMP/ Kailali | 1) DDL-BNS-PNS JV 2) Aakash Nirman Sewa 3) Ranjit Ranjan Nirman Sewa | २०८०।११।१७ गते १३:०० बजे, स्थानः संघिय खा.पा. तथा ढल व्यवस्थापन आयोजना, धनगढी |

**(आयोजना प्रमुख)**

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - ११८४०० | प्रति तोला - ११७८५० | प्रति तोला - १४१५

## लघुवित्त र सहकारीका समस्या चाँडै समाधान गरिन्छ : प्रधानमन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले लघुवित्त तथा सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकारले आवश्यक पहल गरिरहेको बताएका छन् । लघुवित्त र सहकारी पीडितका प्रतिनिधिलाई सिंहदबारमा बोलाएर छलफल गर्दै उनले चाँडै लघुवित्त र सहकारी समस्या समाधान गरिने विश्वास दिलाए ।

प्रधानमन्त्री दाहालले भने, 'विगतमा ग्रामीण र विपन्न वर्गका नागरिकको सेवा प्रवाहमा यो क्षेत्रले राम्रो काम गर्दै आएको हो तर पछिल्लो समय यो ठूलो समस्यामा फस्दै गएको छ । यसमा कतिपय परिस्थितिजन्य अप्ठ्यारा र कतिपय सञ्चालकको बेइमानी जिम्मेवार रहेको छ, सोही बमोजिम समस्या समाधानमा पुगिने छ ।'

उनले लघुवित्त र सहकारी क्षेत्रले विगतमा ग्रामीण तथा विपन्न वर्गका नागरिकका लागि कर्जा प्रवाह र व्यवसाय सञ्चालनमा सहयोग गरेको भए पनि पछिल्लो समय यो क्षेत्र संकटग्रस्त हुँदै गएको उल्लेख गर्दै सरकारले समस्या समाधानका लागि आवश्यक पहल गरिरहेको बताए । प्रधानमन्त्रीले जिम्मेवारीपूर्वक समस्या समाधानका पहल गर्नु सबैको साझा जिम्मेवारी भएको बताए ।

छलफलमा पीडित पक्षका प्रतिनिधिले सहकारी र लघुवित्तका समस्या सम्बोधनका लागि सरकारका तर्फबाट भइरहेको पहलका निम्ति धन्यवाद दिँदै छिटो समस्या समाधानका निम्ति प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

## सात महिनामा आठ खर्ब व्यापार घाटा

■ प्रभाव संवाददाता




**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को सुरुआती सात महिना अवधिमा मुलुकले कुल रू नौ खर्ब ८४ अर्ब ७७ करोडको वैदेशिक व्यापार गर्दा रू आठ खर्ब ११ अर्ब ११ करोड बराबरको घाटा व्यहोरेको छ । भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिना अवधिको वैदेशिक व्यापारको तथ्यांकअनुसार माघ मसान्तसम्ममा रू आठ खर्ब ९७ अर्ब ९४ करोड ३९ लाख बराबरको आयात भएको छ भने रू ८६ अर्ब ८३ करोड नौ लाख १२ हजार बराबरको मात्रै निर्यात भएको छ ।

गत आवको सुरुआती सात महिना अवधिको तुलनामा चालु आवको सोही अवधिमा आयात दुई दशमलव ३१ र निर्यात सात दशमलव ०७ प्रतिशतले घटेको छ । गत वर्षको तुलनामा समग्र व्यापार दुई दशमलव ७५ प्रतिशतले घट्दा व्यापार घाटा पनि एक दशमलव ७७ प्रतिशतले घटेको भन्सार विभागले जनाएको छ ।

नेपालले सबैभन्दा ठूलो वैदेशिक व्यापार गर्ने मुलुक भारत हो । भारतसँग रू पाँच खर्ब ५४ अर्ब ७५ करोड ८८ लाखको आयात गर्दा रू ५८ अर्ब ७२ करोड २७ लाखको मात्रै निर्यात भएको छ । अर्थात् चालु आवको सात महिना अवधिमा भारतसँग मात्र नेपालले रू चार खर्ब ९६ अर्ब तीन करोड ६० लाख व्यापारघाटा व्यहोरेको छ ।

त्यस्तै, दोस्रो ठूलो वैदेशिक व्यापार रहेको मुलुक चीनसँग नेपालले रू एक खर्ब ७१ अर्ब २३ करोड ६३ लाख बराबर व्यापार घाटा व्यहोरेको छ । माघ मसान्तसम्ममा चीनबाट रू एक खर्ब ७३ अर्ब नौ करोड ११ लाख बराबरको मालवस्तु आयात हुँदा रू एक अर्ब ८५ करोड ४८ लाख बराबरको निर्यात भएको छ ।

नेपालले उच्च व्यापार घाटा व्यहोर्ने मुलुकको सूचीमा तेस्रो नम्बरमा संयुक्त अरब इमिरेट्स रहेको छ । चालु आवको सात महिना अवधिमा संयुक्त अरब इमिरेट्ससँग रू १५ अर्ब ६९ करोड ५४ लाखको आयात र रु एक अर्ब ५८ करोड ३३ लाख बराबरको निर्यात भएको छ । यो मुलुकसँगको व्यापार घाटा रू १४ अर्ब ११ करोड २० लाख छ ।

नेपालले वैदेशिक व्यापार गर्ने मुलुकहरूमध्ये सबैभन्दा बढी व्यापार नाफा संयुक्त राज्य अमेरिकासँग रहेको छ । सात महिना अवधिमा अमेरिकाबाट रू नौ अर्ब १७ करोड ५८ लाख बराबरको वस्तु आयात हुँदा नेपालबाट रू नौ अर्ब ५४ करोड छ लाख बराबरको निर्यात भएको छ । अर्थात् समीक्षा अवधिमा अमेरिकासँगको नेपालको व्यापार नाफा रू ३६ करोड ४७ लाख बराबर छ । डेनमार्क, नर्वे, अफगानस्तान, माल्दिभ्सलगायत मुलुकसँग पनि नेपालको व्यापार नाफामा छ ।

चालु आवको सुरुआती सात महिना अवधिमा सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ । यो अवधिमा रू ७७ अर्ब ४१ करोड ९८ लाख बराबरको डिजेल, रू ३८ अर्ब ८२ करोड ६३ लाख बराबरको पेट्रोल र रू ३० अर्ब ३१ करोड २४ लाख बराबरको एलपी ग्याँस आयात भएको छ । त्यस्तै, फलामजन्य सामग्री रू २२ अर्ब ६६ करोड, रू १७ अर्ब ३८ करोड ३६ लाख बराबरको स्मार्टफोन आयात भएको भन्सार विभागले जनाएको छ ।

## 'आर्थिक परिसूचकमा सुधार भएको छ'

**ललितपुर (प्रस)–** अर्थमन्त्री एवं नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले मुलुकको आर्थिक परिसूचकमा क्रमशः सुधार हुँदै गएको बताएका छन् । यद्यपि उनले अर्थतन्त्र चापमा नै रहेको स्वीकार गरे ।

ललितपुरमा जारी कांग्रेस महासमिति बैठकमा देशको वर्तमान आर्थिक अवस्था, सम्भावना र भावी कार्यदिशासम्बन्धी प्रतिवेदन मंगलबार प्रस्तुत गर्दै अर्थमन्त्रालयको कार्यभार सम्हालेका डा. महतले लोकतान्त्रिक समाजवादको आदर्शलाई कांग्रेसले आत्मसात् गर्ने प्रतिबद्धता दोहोऱ्याए ।

अर्थमन्त्रीले आर्थिक वृद्धि र न्यायोचित वितरण, उपत्पादन वृद्धि र रोजगारी सृजना तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने नीतिको पक्षमा कांग्रेस अडिग रहेको बताए । उनले देशको अर्थतन्त्रलाई गतिशिल बनाउन भरमग्दुर प्रयास भइरहेको बताए ।

आर्थिक वर्ष ८०/८१ को बजेटमार्फत घोषणा गरेको आर्थिक सुधार र बजेट प्राणाली सुधारका अधिंकाश विषय कार्यान्वयन क्रममा रहेका जानकारी दिँदै उनले भने, 'परम्परागत शैलीमा आउने नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रियामा सुधार गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गरी संसद्मा बजेटका सिद्धान्त र प्राथमिकताबारे छलफल गर्ने व्यवस्था मिलाइएको छ ।' उनले अन्तर्राष्ट्रिय विकास सहायतासम्बन्धी नयाँ नीति तर्जुमा थालिएको उल्लेख गरेका छन् । उनले भने, 'जुनसुकै परियोजनामा अनावश्यक ऋण सहायता लिने प्रवृत्तिको सट्टा आवश्यकता र औचित्यका आधारमा ऋण परिचालन गर्न सुरू गरिएको छ ।'

## काभ्रे महोत्सवमा छ करोडको कारोबार

**काभ्रेपलाञ्चोक (प्रस)–** काभ्रेपलाञ्चोकको बनेपामा यही फागुन पहिलो साता आयोजित काभ्रेपलाञ्चोक बृहत् कृषि महोत्सवमा रु छ करोड बराबरको कारोबार भएको आयोजकले जनाएको छ मूल आयोजक एवं संयोजकत्व गरेको जिल्ला समन्वय समितिको समन्वयमा यही फागुन ४ देखि ७ गतेसम्म बनेपामा सञ्चालित महोत्सवमा एक लाख ५० हजारले अवलोकन गरेको जनाइएको छ ।

जिल्लामा उत्पादित कृषि तथा पशुजन्य उपजको प्रर्दशनी तथा बजारीकरण तथा कृषकको आर्थिक अवस्थामा सुधार ल्याउने, कृषिका नयाँ प्रविधिबारे जानकारी प्रदान गर्नुका साथै कृषि पेसामा लाग्नका लागि नागरिकलाई उत्प्रेरित गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो । समितिका प्रमुख दीपक गौतमद्वारा जारी विज्ञप्तिमा कृषिजन्य उपजहरूको बिक्री-वितरण रु दुई करोड, यन्त्र, औजार, उपकरणको बिक्री तथा अर्डरसमेत गरी रु दुई करोड, होटल व्यवसाय तथा रैथाने परिकारतर्फ रु एक करोड ५० लाख र अन्य सहयोगी क्षेत्र र गैरकृषितर्फ रु ५० लाख कारोबार भएको उल्लेख गरिएको छ । गत शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरेको महोत्सवमा काभ्रेपलाञ्चोकका तीन तथा सिन्धुपाल्चोकका तीन किसानलाई सम्मानित गरिएको थियो ।

## माटोमै खेलेर चलेको वीरपालको जीवन



**कञ्चनपुर–** माटोका भाँडाकुँडा बनाएर शुक्लाफाँटा नगरपालिका-१२ कालागौँडीका वीरपाल कुमालका तीन पुस्ता बितेका छन् । भारतबाट बसाइँ सरेर वीरपालका बाजे भीमपाल माटोका भाँडाकुँडा बनाउन सात दशकअघि यता आएका हुन् । बाजेले गर्दै आएको काम उनका बुबा चिरौँजीलालले पनि निरन्तरता दिए । अहिले त्यही काम वीरपालले सम्हाल्दै आएका छन् ।

वर्षौंदेखि यहाँ बस्दै आएका उनीसँग चार कट्ठा चार धुर जग्गाको २०२५ मा उपलब्ध गराइएको जग्गाधनी प्रमाणपत्र पनि छ । त्यो जग्गा निकुञ्ज विस्तारित क्षेत्रमा पर्दा उनले सट्टाभर्ना पाउन भने सकेका छैनन् । तत्कालीन पिपलाडी गाउँपालिकाको भत्तपुरीमा रहेको जग्गाको उनले सट्टाभर्ना नपाएका हुन् । 'देशमा त्यसबेला सङ्कटकाल लागेको हुँदा विस्थापित हुनुपऱ्यो,' उनले भने, 'जग्गाधनी प्रमाणपत्र भए पनि जग्गा पाउन सकिएको छैन ।'

नेपालमै उनको जन्म भयो, यहाँ तीन पुस्ता बित्यो । नेपाली नागरिकताका लागि पहल गरे पनि त्यो भने पाउन नसकिएको उनले बताए । कञ्चनपुर जिल्लामा उनी एक्ला माटोका भाँडाकुँडा बनाउने व्यक्तिका रूपमा चिनिन्छन् ।

तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्षको विस्तारित क्षेत्र भत्तपुरीबाट विस्थापनमा परेपछि वीरपालले भाडामा जग्गा लिएर माटोका भाँडा बनाउँदै आएका छन् । उनी विभिन्न ढाँचामा आकर्षक गमला लोटा, करुवा, घैँटो, गोलक बनाउँछन् । कम्तीमा रु १५ देखि बढीमा रु दुई सय ५० मा उनले बनाएका भाँडाकुँडाको किन्न पाइन्छ । यद्यपि ती वस्तुको मूल्य बजारमा फरक छ ।

वार्षिक रु चार लाख कमाइ हुने उनी बताउँछन् । माटो, दाउरा, जग्गाको भाडा, कामदारको ज्यालामा रु दुई लाख ५० हजार जति खर्च हुने गरेको छ । बचेको रकमले घरखर्च चल्ने गरेको उनले बताए । 'परिवारको लत्ताकपडादेखि राशनपानीमै काम गरेर कमाएको रकम खर्च हुन्छ,' उनले भने, 'बिरामी परे अरुसँग सापटी लिनुपर्दछ ।' व्यवसाय दर्ता गरेर उनले काम गर्दै आएका छन् । तर अन्य भारतीयले भारतबाटै भाँडाकुँडा ल्याएर सस्तोमा बिक्री गर्दा उनको व्यवसाय सङ्कटमा परेको छ ।

'अवैधरूपमा बजार क्षेत्रमा भारतीयले माटोका भाँडाकुँडा खुला सीमानाका हुँदै राजस्व नतिरेर भित्र्याउने गरेका छन्,' उनले भने, 'मेरै नाम लिएर बेच्छन्, वडा कार्यालय र प्रहरीलाई यसबारे खबर गर्दा पनि अवैध कारोबार नरोकिँदा व्यवसाय बन्द गर्नुपर्ने अवस्थामा पुगेको छ, परिवारको रोजीरोटी खोसिन थालेको छ ।' अन्य काम गर्नेका लागि सरकारले अनुदानको व्यवस्था गर्दै आए पनि कुमालेका लागि कुनै कार्यक्रम नहुँदा उनी हतोत्साहित छन् ।

वडाध्यक्ष नवलसिंह रानाले पुर्खौंदखि वीरपालको परिवारले काम गर्दै आए पनि नागरिकता नपाउँदा अनुदानलगायत सुविधाबाट बञ्चित रहनुपरेको बताए । 'कानुनी प्रक्रिया पूरा गर्न नागरिकता चाहिन्छ,' उनले भने, 'त्यो नभएपछि कुनै पनि कार्यक्रममा समावेश गर्न सकिँदैन ।' *रासस*

**भिजिन तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरू**

**अनुमति प्राप्त मुलुकहरूमा पर्यटकको रूपमा जाादा भिजिट तथा पर्यटक भिसामा देहाय कागजात आवश्यक पर्दछ:**

- कम्तीमा ३ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेशाज्ञा (VISA)
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ